का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २३४
❐ २२ असोज २०७८, शुक्रबार
❐ 8 October 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

## झनै जम्बो पदाधिकारी



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ असोज ।

नेकपा (एकीकृत समाजवादी) ले चुनाव चिन्ह कलम राख्ने भएको छ । बिहीबार बसेको स्थायी कमिटी बैठकले चुनाव चिन्ह कमल राख्ने निर्णय गरेको हो । जीवन राईको नेतृत्वमा दर्ता भएको नेकपा (एकीकृत) सँग एकता गरेर चुनाव चिन्ह कलम राख्ने निर्णय बैठकले गरेको हो ।

नेकपा एमालेभित्र विवाद उत्कर्षमा पुगेका बेला राईको नेतृत्वमा नेकपा एकीकृत दर्ता भएको थियो । उक्त पार्टीको चुनाव चिन्ह कमल थियो । त्यही चिन्हलाई एकीकृत समाजवादीले प्रयोग गर्ने भएको छ । यसअघि गएको ६ जेठमा बागमती प्रदेशसभामा भएको निर्वाचनमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालका तर्फबाट खिमलाल देवकोटाले कलम चिन्ह लिएका थिए । कमल चिन्हबाट देवकोटा विजयी भएका थिए ।

अहिले तिनै कमल चिन्ह प्रयोग गर्ने एकीकृत समाजवादीले निर्णय गरेको हो । गएको २ भदौमा नेकपा एमालेबाट अलग भएर एकीकृत समाजवादी गठन भएको थियो ।

> नेकपा एमालेबाट अलग भएर बनेको नेकपा (एकीकृत समाजवादी) को चुनाव चिन्ह कलम रहने भएको छ । बिहीबार बसेको स्थायी कमिटी बैठकले पार्टीको चुनाव चिन्ह कलम राख्ने निर्णय गरेको हो ।

पूर्वप्रधानमन्त्री झलनाथ खनाल र माधवकुमार नेपाल सहित ५५ जना केन्द्रीय सदस्य, २३ प्रतिनिधिसभा सदस्य, आठ राष्ट्रियसभा सदस्य र ५३ प्रदेशसभा सदस्य यो पार्टीमा लागेका छन् ।

सुदूरपश्चिम प्रदेशका प्रभावशाली नेता भानुभक्त जोशी बिहीबारदेखि एकीकृत समाजवादी बनेका छन् । सुदूरपश्चिम प्रदेशमा एकीकृत समाजवादी प्रदेशसभाकै ठूलो दल बनेको छ । एकीकृत समाजवादीको यो प्रदेशमा १४ सांसद छन् । प्रदेश २ मा नेकपा एमाले भन्दा ठूलो दल बनेको छ । २१ मध्ये १३ प्रदेशसभा सदस्य एकीकृत समाजवादीतिर लागेका हुन् ।


प्रतिनिधिसभा जोगाउन भन्दै पार्टी अलग गरेको एकीकृत समाजवादी संगठन निर्माणमा केन्द्रीत भएका छन् । एमालेबाट सकेसम्म धेरै नेता तान्ने रणनीतिमा एकीकृत समाजवादी देखिन्छ । त्यसका लागि जम्बो पदाधिकारी, स्थायी कमिटी, पोलिट्ब्यूरो र केन्द्रीय कमिटी बनाउन पनि तयार देखिएका छन् । बाँकी पृष्ठ २ मा



*शूरु भयो दशैं: घटस्थापनाको दिन बिहीबार भक्तपुरको ब्रह्मायणी मन्दिरमा दर्शनार्थी । तस्वीर : रमेश गिरी, रासस*

# शक्ति सन्तुलन मिलाउनै कठिन

सत्ता साझेदार दलहरूबीच शक्ति सन्तुलन मिलाउन कठिनाइ भएपछि बिहीबार हुने भनिएको मन्त्रिपरिषद् बिस्तार हुन सकेन । सत्तारुढ दल नेपाली काँग्रेसभित्र बरिष्ठ नेता रामचन्द्र पौडेलले तीन मन्त्री पाउनुपर्ने अडान लियो भने नेकपा (एकीकृत समाजवादी) ले मन्त्रालय भागबण्डामै चित्त बुझाएन ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ असोज ।

प्रधानमन्त्री शेरबहादुर देउवाले बिहीबार पनि मन्त्रिपरिषद् बिस्तार गर्न सकेनन् । मंगलबार साँझ बसेको सत्ता साझेदार दलहरुको बैठकले बिहीबार मन्त्रिपरिषद् बिस्तार गर्ने निर्णय गरेको थियो । तर सत्ता साझेदार दलहरुबीच शक्ति सन्तुलन मिलाउन नसक्दा मन्त्रिपरिषद् बिस्तार हुन सकेन । विशेषगरी नेकपा (एकीकृत समाजवादी) भित्र मन्त्रालय भागबण्डामा असन्तुष्टि देखियो ।

चार मन्त्री र एक राज्यमन्त्री पाएको एकीकृत समाजवादीका नेताहरुले मन्त्रालय भागबण्डामा चित्त बुझाएका थिएनन् । एकीकृत समाजवादीले सहरी विकास, पर्यटन, श्रम र कानून मन्त्रालय पाएको थियो । तर एकीकृत समाजवादीभित्र असन्तुष्टि देखिएपछि स्वास्थ्य मन्त्रालय पाउने भएको छ ।

बिहीबार दिउँसो बसेको शीर्ष नेताहरुको बैठकमा एकीकृत समाजवादीलाई स्वास्थ्य मन्त्रालय दिएर काँग्रेसले कानून लिन तयार भएको हो । बालुवाटारमा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवको बैठक बसेको थियो । उक्त बैठकले बिहीबार बिस्तार बाँकी पृष्ठ २ मा

## कतारमा अवैधानिकलाई जरिवाना र कैद बिना नै आममाफी

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २१ असोज ।

कतार सरकारले गैरकानूनी हैसियतमा रहेका नेपालीसहित अवैधानिक हैसियतमा रहेका विदेशी कामदारलाई कैद र जरिवाना नलिई आममाफी दिने भएको छ । कतारमा परिचयपत्र (आईडी) को म्याद सकिएका, वर्क परमिट बिना नै काम गरिरहेका र पारिवारिक भिसाको नियम पालना नगरेका कारणले गैरकानुनी हैसियतमा पुगेका कामदारलाई सरकारले कैद र जरिवाना बिना नै आममाफी दिन लागेको कतारको आन्तरिक मन्त्रालयले जनाएको छ ।

कतारले २०१५ को कानून नं २१ को प्रावधान अनुसार आप्रवासीको निवास प्रवेश र गमनको नियम अन्तर्गत आममाफीको प्रक्रिया शुरु गरिएको बताएको छ । आममाफीका लागि सरकारले आगामी अक्टोबर १० देखि डिसेम्बर ३१ सम्मको समयसीमा तोकिएको छ ।

आममाफीका लागि अवैधानिक हैसियतमा रहेका विदेशी कामदारले कतार सर्च एण्ड फलो अप डिपार्टमेन्टमा वा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## महासंघको अध्यक्षमा पुनः रामराजा गौतम



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघको अध्यक्षमा पुनः रामराजा गौतम चयन भएका छन् । राजधानीमा सम्पन्न आठौं महाधिवेशनले नयाँ कार्यसमिति चयन गरेको हो ।

अधिवेशनले प्रथम उपाध्यक्षमा टुनुकाजी पौडेल, अर्का उपाध्यक्षमा कल्पना पाण्डे न्यौपाने, महासचिवमा लक्ष्मी प्रसाद लामिछाने र सचिवद्वयमा गायत्री जिसी र उद्वव बाँकी पृष्ठ २ मा

## व्यवसायी सिवाकोटीको 'सलल झलल' सार्वजनिक

**काठमाडौं/मस–** वरिष्ठ वैदेशिक रोजगार व्यवसायी तथा गायक टिका सिवाकोटी 'आदर्श'ले दशैं तिहार विशेष गीति एल्बम 'सलल झलल' बजारमा ल्याएका छन् । शान्तिश्री परियार, गायक तिलक बस्नेत तथा संगिता सिवाकोटीको साथमा ल्याइएको दशैं तिहार विशेष गीतमा शब्द र संगीत तिलक बस्नेत, स्वर टिका सिवाकोटी, शान्तिश्री परियार, तिलक बस्नेत र संगिता सिवाकोटीको रहेको छ ।

संगिता सिवाकोटीको अफिसियल युट्युब च्यानलबाट बजारमा आएको म्युजिक भिडियोको निर्देशन सुरेन्द्र बसेलले गरेका छन् । कलाकार हरिश निरौला र जुना




सुन्दासको नृत्य तथा अभिनय रहेको म्युजिक भिडियोमा टिका सिवाकोटी, लक्ष्मी गिरी, विष्णु रिजाल, कृष्ण सिवाकोटी, सृजना अधिकारी, तिलक बस्नेत, संगिता सिवाकोटी लगायतको पनि अभिनय देख्न सकिन्छ । उक्त म्युजिक भिडियो टेकेन्द्र शाहले सम्पादन, अर्जुन तिवारीले छायांकन, रमेश सेन्चुरीले एरेन्ज बाँकी पृष्ठ २ मा

## दुई ठूला बैंकको मर्जर अनिश्चित

**विभा शर्मा/मध्यान्ह**
काठमाडौं २१ असोज ।

हिमालयन बैंक र इन्भेष्टमेण्ट वैंक बीचको मर्जर प्रकृया अवरुद्ध भएको छ । दुवै बैंकको सञ्चालक समितिले एक आपसमा मर्ज गर्ने निर्णय गरेपछि गत बैशाख ३० गते त्यसबारेमा सम्झौता भएको थियो । केही महिनाभित्रै एकीकृत कारोबार गर्ने घोषणा गरेका उनीहरुबीच एकीकृत बैंकको नाम हिमालयन एण्ड नेपाल इन्भेष्टमेण्ट बैंक रहने, बैंकको अध्यक्ष इन्भेष्टमेण्ट बैंकका अध्यक्ष पृथ्वीवहादुर पाँडे र प्रमुख कार्यकारी अधिकृतमा हिमालयन बैंकका अशोक समशेर राणा रहने लगायत सम्झौता भएको थियो । राणा र पाँडे सहोदर साला भेना हुन् । त्यहीकारण नेपालको वित्तीय क्षेत्रमा हिमालयन बैंक र इन्भेष्टमेण्ट बैंकलाई साला भेनाको बैंकको रुपमा चर्चित रहेका छन् ।

यी दुई बैंकको मर्जर प्रकृयामा 'साला-भेना'को जोड बल रहेपनि हिमालयन बैंकको अर्को मुख्य लगानीकर्ताको रुपमा रहेको मनोजवहादुर श्रेष्ठ समूह असन्तुष्ट छ । साला भेना मिलेर आफूहरुलाई 'कर्नर'मा पार्न सक्ने अनुमान गरेर शुरु देखि नै पूर्व अध्यक्ष श्रेष्ठ र उनी निकट हिमालयन बैंक आफै दरिलो बैंक बन्नुपर्ने, कसैसँग मर्जर गर्न नहुने, गर्नै परेपनि बैंक अफ काठमाण्डौ, कुमारी लगायत अरु बैंकसँग गर्नुपर्ने इन्भेष्टमेण्ट बैंकसँग भने कुनैपनि हालतमा मर्जर गर्न नहुने अडानमा थियो । श्रेष्ठ समूहको अडान बिपरीत दुवै बैंकको संचालक समितिबाट १:१ को अनुपातमा मर्जर गर्ने सहमती गरेको थियो । त्यस विरुद्ध उभिएका श्रेष्ठ समुहले सार्वजनिक रुपमै असन्तुष्टि जनाउँदै आएको थियो ।

यसैबीच केही दिनअघि हिमालयन बैंकको संचालक समितिको अध्यक्षमा तुलसी गौतमको सट्टा प्रचण्ड वहादुर श्रेष्ठ नियुक्ति भएपछि दुवै बैंकको मर्जर प्रकृया पूर्णरुपमा अवरुद्ध भएको छ । १८ वर्षदेखि बैंकको संचालक रहेका नवनियुक्त अध्यक्ष श्रेष्ठ पूर्व अध्यक्ष मनोज श्रेष्ठका सहोदर भाई हुन् । राष्ट्र वैंकका एक अधिकारी हिमालयन बैंकको अध्यक्षमा श्रेष्ठ नियुक्त हुनु 'मर्जर प्रकृया लगभग खारेज भएको पुष्टी भएको' बताउंछन् । 'हामीले नै बोल्नु भएन, तर ती बैंकहरुको मर्जर हुन्छ भनेर अब विश्वांस मान्ने आधार सकियो' ती अधिकारी भन्छन् ।

स्रोतका अनुसार, मर्जर कमिटीको बैठक लामो समयदेखि बसेको छैन । अध्यक्ष नियुक्ति भएपछि मर्जर कमिटीका पदाधिकारीहरुले आफूहरुले गरिरहेको काम कारवाहीको बारे जानकारी गराएका थिए । त्यसक्रममा अध्यक्ष श्रेष्ठले खासै कुनै प्रतिकृया जनाएका थिएनन् ।

अध्यक्ष श्रेष्ठले नै चासो नदिएपछि मर्जर कमिटीमा रहेका दुवै बैंकका अधिकारीहरु नै अन्योलमा परेका छन् । त्यसैले लामो समयदेखि मर्जर कमिटीको वैठक पनि बसेको छैन । त्योसंगै अहिले दुवै वैंकका कर्मचारीहरु मर्जर नहुने मनस्थितिमा पुगेका छन् ।

स्रोतका अनुसार, हिमालयन बैंकका अध्यक्ष श्रेष्ठ इन्भेष्टमेन्ट बैंकको शुशासन र कर्जा लगानीको बाँकी पृष्ठ २ मा

# भारतबाट स्वदेश फर्किनेको संख्या बढ्यो



काठमाडौं/मस- चाडपर्व भित्रिएसँगै भारतबाट नेपाल फर्किनेको संख्या बढेको छ । पछिल्लो केहि दिनयता भारतबाट नेपाल फर्किनेको संख्या बढेको हो । भारतबाट नेपाल फर्किनेको संख्या वृद्धिभएसँगै सुदूरपश्चिम प्रदेशमा कोरोना भाइरस संक्रमणको जोखिम भने बढेको छ । स्वास्थ्य निर्देशनालय दिपायलका निर्देशक डा.गुणराज अवस्थीका अनुसार चाडपर्व नजिकिएसँगै भारतबाट नेपाल भित्रिने नेपालीको बढ्दा कोरोना संक्रणको जोखिम पनि त्यतिकै बढेको छ ।

त्रिनगर सीमानाका (कैलाली)मा सञ्चालित हेल्थ डेस्कका अहेब गणेश साउदले पछिल्ला केहि दिनमा भारतबाट घर फर्किने नेपालीको संख्या ह्वात्तै बढेको बताए । उनले नेपाल फर्किनेको संख्या बढेसँगै लामबद्ध गराएर नमूना परीक्षण गराउन केही असहज भएको बताए । दशैं तिहार जस्ता मुख्य चाड पर्व मनाउन भारतका विभिन्न सहरमा रोजगारीका लागि पुगेका नेपाली केही समयको बिदामा घर फर्कने गर्दछन् । सुदूरपश्चिमका बासिन्दाको रोजगारीको मुख्य गन्तव्यस्थल भारत हो । हाल दैनिक बढीमा ८०० को संख्याका नेपाली कैलालीको त्रिनगर सीमानाकाबाट भित्रिने गरेका छन् । 'सीमानाकाबाट भित्रिनेको एन्टिजेन पद्धतिबाट नमूना परीक्षणको काम गरेर सकेसम्म आवागमन सहजीकरण गरिरहेका छौं', साउदले भने,'लक्षणसहित पोजेटिभ नतिजा देखिनेलाई सेती प्रादेशिक अस्पतालमा र लक्षण नदेखिने तर नतिजा पोजेटिभ देखिनेलाई धनगढीको कनरीस्थित आइसोलेसनमा पठाउने गरेका छौं ।' कुनै व्यक्तिमा कोरोनाको जस्तो लक्षण देखिने भए पनि नमूना परीक्षण गर्दा नतिजा नेगेटिभ आउने र लक्षण नदेखिए पनि कुनै व्यक्तिको नमूना परीक्षणमा नतिजा पोजेटिभ देखाउँदा अन्योल सिर्जना भइरहेको साउदले बताए । त्रिनगर नाकाबाट दैनिक भित्रिनेमध्ये ६० देखि ८० प्रतिशत नागरिकको एन्टिजेन पद्धतिबाट नमूना परीक्षण भइरहेको छ ।

हेल्थ डेस्कमा सबै व्यक्तिको नभई कोरोनाका शंकास्पद समूहका व्यक्तिको मात्र नमूना परीक्षण गर्ने गरिएको छ । दशैं तिहारजस्ता मुख्य चाडपर्व नजिकिएसँगै बजारमा किनमेल गर्नेको भीडभाड बढेको भए पनि संक्रमणबाट जोगिन मास्क र स्यानिटाइजर प्रयोग गर्नेजस्ता स्वास्थ्य सुरक्षाका मापदण्ड पालनमा बेवास्था भइरहँदा पनि जोखिम बढेको स्वास्थ्यकर्मीको भनाइ छ ।

सहरी क्षेत्रमा कतिपयले स्वास्थ्य सुरक्षाका मापदण्ड पालन गरेको देखिए पनि ग्रामीण क्षेत्रमा अधिकांश व्यक्तिले स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गरेको देखिँदैन । गत वैशाख र जेठमा यो रोगको संक्रमण उच्च रहेको कोरोना संक्रमण दर असार शुरु भएसँगै घट्दै गएको छ । स्वास्थ्य निर्देशनालयका अनुसार पछिल्लो २४ घन्टामा प्रदेशमा एक हजार ६३२ को नमूना परीक्षण गर्दा २३ जनामा कोरोनाको संक्रमण देखिएको छ ।

प्रदेशमा हालसम्म नमूना परीक्षण गरिएका तीन लाख ५६ हजार ८६० व्यक्तिमध्ये ४७ हजार ३७९ मा कोरोनाको संक्रमण देखिएको छ । संक्रमितमध्ये ४६ हजार ७१० जना उपचार व्यवस्थापनपछि घर फर्किएका छन् । पछिल्लो महिनामा कोरोना भाइरससँग मिल्ने लक्षण देखिए पनि धेरै सर्वसाधारणले आफ्नो नमूना परीक्षण गराउन डराउन थालेका छन् ।

नमूना परीक्षण गराउँदा आउने पोजेटिभ नतिजाले मानसिक तनाव हुने भन्दै धेरै नागरिकले आफ्नो नमूना परीक्षण गराउन नमानेको अहेब भक्तबहादुर विष्ट बताउँछन् । यसैबीच सीमानाकाबाट भित्रिने दैनिक बढ्न थालेपछि बढेको कोरोना संक्रमणको जोखिमका बीच नेपाल-भारत सीमानाकामा आवागमन गर्नेको लागि मापदण्ड तोकिएको छ । जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार कोरोना भाइरसको रोकथाम, नियन्त्रण र निदानमा प्रतिकूल असर नपुग्ने गरी कैलालीका सीमानाका हुँदै नेपाल प्रवेश गर्न चाहने नागरिकका लागि मापदण्ड तोकिएको हो । नेपाल प्रवेशका लागि जिल्लाका त्रिनगर र खक्रौला नाका तोकिएका छन् ।

## बाँके डायरी पवन जायसवाल/मध्यान्ह

# बाँकेमा ६६ औं प्रहरी दिवस मनाइयो

जिल्ला प्रहरी कार्यालय बाँकेले ६६ औं प्रहरी दिवस मनाएको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सशस्त्र प्रहरी बलका स.प्र.उपरीक्षक अशोक बहादुर बम, नेपाली सेनाका प्रमुख सेनानी जनमत कार्की, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय बाँकेका प्रमुख नरेन्द्र राज गिरी, जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख, पूर्वप्रहरी, अशक्त अवकाश प्राप्त प्रहरी, अमर प्रहरी परिवार तथा सञ्चारकर्मी, नागरिक समाज लगायतको उपस्थिति रहेको थियो ।



कार्यक्रममा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेले स्वागत मन्तब्य राखेका थिए भने प्रहरी महानिरीक्षकबाट प्रहरी दिवसको अवसरमा प्राप्त शुभकामना सन्देश जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरीक्षक श्याम कृष्ण अधिकारीले वाचन गरेका थिए ।

कार्यक्रममा पूर्व प्रहरी कर्मचारीको तर्फबाट पूर्व प्रहरी नायव उपरीक्षक ज्योति प्रसाद श्रेष्ठ, अमर प्रहरी परिवारको तर्फबाट एकमाया विश्वकर्मा लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सो अवसरमा अमर प्रहरी स्मारकमा प्रमुख अतिथिले पुष्पहार अर्पण गरेका थिए । सो पश्चात उपस्थित सम्पुर्णले अमर प्रहरी स्मारकमा माल्यार्पण गरेका थिए ।

कार्यक्रममा उत्कृष्ट कार्य गर्ने जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी इकाइका प्रहरी कर्माचारीहरु तथा प्रहरी कार्यमा सहयोग गर्ने र जग्गादाताहरुलाई प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकबाट प्राप्त कदर-पत्र प्रदान गरिएको थियो ।

अमर प्रहरी परिवारलाई दोसल्ला ओढाइ प्रमुख अतिथि शिवराम गेलालले सम्मान गरेका थिए ।

साथै ६६ औं प्रहरी दिवस २०७८ को अवसरमा विभिन्न विधामा सञ्चालन गरिएको व्याडमिन्टन, टेबल टेनिस, कुर्सी दौड प्रतियोगिता सञ्चालन गरिएकोमा खेलकूदमा प्रथम, द्वितीय, तृतीय हुनेलाई प्रमाण-पत्र र मेडल प्रदान गरिएको थियो ।

सोही अवसरमा जिल्ला प्रहरी कार्यालय बाँकेद्वारा तयार गरिएको पुस्तक लागूऔषध विरुद्धको निस्तेज अभियान २०७७/०७८ को विमोचन गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्र.जि.अ. गेलालले नेपाल प्रहरीको गर्विलो इतिहास र सुनौलो भविष्य रहेको र जनताको आशा र भरोसाको केन्द्रमा नेपाल प्रहरी रहेको भन्दै त्यस आशा र भरोसालाई कायम राख्न नेपाल प्रहरी सफल हुने विश्वास व्यक्त गरेका थिए ।

कार्यक्रमको अन्त्यमा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक श्याम कृष्ण अधिकारीले धन्यवाद ज्ञापन गर्दै नेपाल प्रहरीका वीर तथा अमर प्रहरीले देखाएको मार्गमा सधैं अडिक भएर लाग्ने र जनअपेक्षा पूरा गर्नका लागि जस्तो सुकै कठोर निर्णय लिन पनि तयार रहेको बताए । कार्यक्रमको सञ्चालन प्रहरी निरीक्षक इश्वर देव गिरीले गरेका थिए ।

# सभ्य समाज नेपालको वार्षिक साधारण सभा सम्पन्न

बाँके जिल्लामा रहेको सभ्य समाज नेपालको ५ औं वार्षिक साधारण सभा बन्जारे गाउँमा सम्पन्न भएको छ। प्रमुख अतिथि गैरसरकारी संस्था महासघ नेपाल बाँकेका अध्यक्ष तथा वासका निर्देशक नमस्कार शाहले मैन बत्ती बालेर कार्यक्रमको उद्घाटन गरेका थिए ।

संस्थाका अध्यक्ष सूर्यलाल यादवको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष पुष्पा सुनारले स्वागत मन्तव्य राखेकी थिइन् । महासचिव भिष्म प्रसाद लोधले प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि गैर सरकारी संस्था महासघ नेपाल, बाँकेका अध्यक्ष तथा बासका निर्देशक नमस्कार शाहले सभ्य समाज नेपालले ग्रामीण क्षेत्रमा सचेतनामूलक कार्यक्रम, लक्षित वर्गको क्षमता अविवृद्धि र बाल बिवाह विरुद्ध अभियान सञ्चालन गरेकोमा धन्यवाद व्यक्त गरेका थिए । सो साधारणमा जसपाका केन्द्रीय सदस्य हिक्मत वि.क, नेपाल युवा परिषद लुम्बिनी प्रदेशका संयोजक सोम गुरुङ, युवा अभियान्ता राजन वर्मा, श्री माध्यमिक विद्यालय बन्जारे गाउँका प्रधानाध्यापक तथा समाजवादी शिक्षक संघ बाँकेका अध्यक्ष आदित्य वर्मा लगायतले ५ औं वार्षिक साधारण सभाको शुभकामना व्यक्त गरेका थिए । सो साधारण सभा कार्यक्रममा सभ्य समाज नेपाललाई हर समयमा सहयोग गर्ने उदयराज जायसवाल उत्कृष्ठ कर्मचारीलाई घोषणा गरिएको थियो ।

५ औं साधारण सभाबाट नयाँ कार्य समिति चयन गरिएको थियो । नव कार्य समितिको अध्यक्ष पदमा पुनः सूर्यलाल यादवलाई, उपाध्यक्ष पदमा पुष्पा सुनार, महासचिवमा भिष्म प्रसाद लोध, सचिव पदमा सोम गुरुङ, कोषाध्यक्षमा मीना पुनलाई सर्वसम्मत रुपमा चयन गरिएको छ । यसरी सदस्यहरुमा दिपक बज्राचार्य, हसिना मुकेरी, रमेश यादव र रेणु सिंहको ९ सदस्यीय कार्य समिति सर्वसम्मत चयन गरिएको सभ्य समाज नेपालका नव निवार्चित अध्यक्ष सूर्यलाल यादवले बताए। सो ५ औं साधारण सभा कार्यक्रममा श्री माध्यमिक विद्यालय बन्जारेगाउँका ५ जना विद्यार्थीहरुलाई अञ्जली तमोली, सुनिल यादव, आकाश सोनी, सुमन देवी वर्मा र किरन वर्मालाई शैक्षिक सामग्री पनि वितरण गरिएको थियो । सो कार्यक्रममा बाँकेको जानकी गाउँपालिका वार्ड नं.-३ की वडासदस्य लक्ष्मी पासी, जसपा बाँकेका जिल्ला सचिव राजेन्द्र कुमार वि.क., संस्थाका सचिव राजु यादव, प्रभात घोषण दैनिकका सलामत अली शेष, भेरी एफ.एम. नेपालगन्ज शिवराज साहू, चन्द्र बुढा, रुपेश यादव, सन्तोष सोनकर, दिलसाद नूरी बागवान, रेडियो कृष्णसार एफ.एम. की कार्यक्रम प्रस्तोता चन्दा सिंह, साहाना बागवान, नन्मुन यादव, अजय कुमार भाट, अनिल कुमार शर्मा, समाजवादी विद्यार्थी युनियनका सचिव संगम पोखरेल लगायतको सहभागिता रहेको थियो ।

# कलशमा जल भर्न कपिलवस्तुको रामघाटमा भिड

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २१ असोज

बिहीबारबाट बडादशैं शुरु भएको छ । आश्विन शुक्ल प्रतिपदाका दिन बिहीबार बिहान घरघरमा जौ, मकै, गहुँ आदिको जमरा राखी घटस्थापना गरेपछि दशैं शुरु भएको हो । आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म मनाइने दशैंलाई असत्यमाथि सत्यको विजयका रूपमा पनि लिने गरिएको छ । घटस्थापनाको दिन पूजा कोठा, दशैंघर अथवा कोतमा दियो, कलश र गणेश थापी नवदुर्गाको स्थापना गर्ने चलन पनि रहेको छ ।

घटस्थापनाको दिन पूजा कोठामा कलश अथवा घडामा जलभरी माथिपट्टि आँप पात वा वर पीपलको पात राखेर कलश वरिपरि गाईको गोबर टाँसेर त्यहीँ जौ उमार्ने चलन रहेको छ । पूजा कोठामा कलश स्थापना गर्नका लागि बिहानै उठेर नुहाई धुवाई गरी चोखो भएर नदी, खोला, ताला ,तालाया वा आफूलाई पायक पर्ने ठाउँमा गएर चोखो बालुवा वा माटोमा ल्याएर दशाहरघरमा राख्ने प्रचलन छ ।

कपिलवस्तुमा पनि पूजा कोठामा कलश स्थापना गर्नका लागि बिहानै उठेर नुहाई धुवाई गरी चोखो भएर बाणागांग नदीको धर्मिकस्थाल रामघाट लागयत विभिन्न ठाउँमा जल भर्न, चोखो बालुवा वा माटो ल्याउनको लागि भक्तजनाको बिहानैदेखि भिड लागेको थियो ।

बडादशैंमा नवदुर्गा भवानीको १० दिनसम्म पूजा गर्ने गरिन्छ । परम्परा अनुसार जौलाई वैदिक यज्ञका लागि अत्यावश्यक वस्तु मानिने गरीन्छ । माता भगवतीलाई मन पर्ने वनस्पतिमा जमरा पनि एक भएकाले भगवतीलाई खुसी पार्नका लागि जमरा उमार्ने गरिएको शास्त्रमा उल्लेख रहेको पाइन्छ । यसरी उमारिएको जमरा विजयादशमीका दिन देवीको प्रसादका रूपमा लगाउने पनि गरिन्छ । विभिन्न नौ देवीको पूजा अर्चनापश्चात् दशमीका दिन त्यहाँबाट जमरा निकालिन्छ भने पूर्ण कलशको जलको अभिशेकको रुपाम लिने चलन छ । यसरी लिइएको जलबाट आयु बढ्ने र राम्रो स्वास्थ्य हुने धार्मिक विश्वास रहेको छ ।

### झनै...

बिहीबार बसेको बैठकले यसअघि सचिव बनेका जगनाथ खतिवडालाई उपमहासचिवमा बढुवा गरिएको छ। योसँगै एकीकृत समाजवादीको उपमहासचिव संख्या चार पुगेको छ । यसअघि विजय पौडेल, गंगालाल धुलाधर र प्रकाश ज्वाला उपमहासचिव बनेका थिए। झलनाथ खनाल बरिष्ठ नेता रहेको एकीकृत समाजवादीमा सात उपाध्यक्ष छन् । उपाध्यक्षहरु भन्दा माथि मुकुन्द न्यौपाने नेता छन् ।

"पार्टी निर्माण प्रक्रियामा रहेकाले कमिटी जम्बो हुने नै भयो। तर बिस्तारै यो मिल्छ", एक नेता भन्छन्। तीन सय भन्दा माथि केन्द्रीय सदस्य राखेको एकीकृत समाजवादीले स्थायी कमिटी र पोलिट्ब्यूरो टुंग्याउन सकेको छैन। सरकारमा पठाउने मन्त्रीको टुंगो समेत लगाउन सकेको छैन। अध्यक्ष नेपाललाई मन्त्री चयनको जिम्मा दिएपनि मन्त्रीको नामावली टुंगिन सकेको छैन ।

तर बिहीबारको सत्ता साझेदार दलहरुको बैठकले प्रदेश-१ र बागमतीको मुख्यमन्त्री एकीकृत समाजवादीले पाउने निर्णय भने गरेको छ । अहिले प्रदेश १ र बागमतीमा नेकपा एमालेका नेताहरु भीम आचार्य र अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री छन् ।

### शक्ति....

गर्न लागेको मन्त्रिपरिषद् एक दिन पछि सार्ने सहमति समेत गरेको छ।

स्रोतका अनुसार बिहीबार मन्त्रिपरिषद् बिस्तार हुन नसक्नुमा प्रधानमन्त्री देउवाले पार्टीभित्रको असन्तुष्टि हल गर्न नसक्नु समेत हो । प्रधानमन्त्री देउवाले आफू निकट तीन मन्त्री र एक राज्यमन्त्री नियुक्त गरेका छन् । प्रधानमन्त्री देउवाले आफूसँगै बालकृष्ण खाँणलाई कानून र ज्ञानेन्द्रबहादुर कार्कीलाई कानून मन्त्रीको शपथ गराएका थिए। १० साउनमा उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री नियुक्त गरेको प्रधानमन्त्री देउवाले केही दिन अगाडि नारायण खड्कालाई परराष्ट्रमन्त्री नियुक्त गरेका थिए ।

काँग्रेसको भागमा अब चार मन्त्रालय छ । त्यसमा एक जना पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालाई दिएका छन्। सिटौलाले उमाकान्त चौधरीलाई मन्त्रीमा पठाउने भएका छन् । प्रधानमन्त्री देउवाले पार्टीभित्र सन्तुलन मिलाउन बरिष्ठ नेता रामचन्द्र पौडेलसँग दुई मन्त्रीको माग राखेका थिए। तर नेता पौडेलले भने तीन मन्त्री पाउनुपर्ने अडान लिएका छन् । "प्रधानमन्त्रीले दुई जना मन्त्रीको नाम माग्नुभएको छ, तर रामचन्द्र पौडेलले भने तीन मन्त्री पाउनुपर्ने अडान लिनुभएको छ", काँग्रेसका एक नेताले भने ।

तीन जना नै रामचन्द्र पौडेललाई दिदा प्रधानमन्त्री देउवाले अब थप मन्त्री पठाउन पाउने छैनन् । तर १४औं महाधिवेशन चलिरहेकाले प्रधानमन्त्री देउवाले शक्ति आन्तरिक सन्तुलन मिलाउन पनि अझै एक जनालाई मन्त्री पठाउने तयारीमा छन् । पुष्पा भुसाललाई मन्त्री बनाएर आन्तरिक सन्तुलन मिलाउने प्रयासमा प्रधानमन्त्री देउवा छन् ।

एकीकृत समाजवादी र काँग्रेसभित्रकै समस्याका कारण बिहीबार मन्त्रिपरिषद् बिस्तार हुन सकेन । जसपाले भने मन्त्रिपरिषद् बिस्तार हुने दिन नै मन्त्रीहरुको नाम पठाउने तयारी गरेका छन् । जसपाले चार मन्त्री पाएका छन् भने उपसभामुख पनि पाउने भएको छ। माओवादी केन्द्रले भने बुधबारको स्थायी कमिटी बैठकबाटै मन्त्रीको नाम टुंग्याएको थियो । जनार्दन शर्मालाई अर्थ र पम्फा भुसाललाई उर्जा मन्त्री नियुक्ति गरिसकेको माओवादी केन्द्रले थप तीन मन्त्री र एक राज्य मन्त्रीको नाम टुंगो लगाएको छ। बुधबारको बैठकले देवेन्द्र पौडेल, शशी श्रेष्ठ र महेश्वरजंग महतराजलाई मन्त्री तथा बोधमाया यादवलाई राज्यमन्त्री बनाउने निर्णय गरेको छ ।

अर्थात् पहिले संसदमा बहुमत जुटाउन भनेर मन्त्रिपरिषद् बिस्तार गर्न नसकेका प्रधानमन्त्री देउवाले अहिले शक्ति सन्तुलन मिलाउन सकेका छैनन्। प्रधानमन्त्री नियुक्त भएको तीन महिना पुग्न लाग्दा समेत मन्त्रिरिषद् बिस्तार हुन नसक्दा सरकारको कामकारबाही प्रभावित बन्दै आएको छ ।

### दुई ....

प्रकृयामा प्रश्न उठाउँदै ती प्रश्नहरुको समाधान नभए मर्जरमा गएपछि थप समस्या हुने बताउँदै आएका छन् । उनले इन्भेष्टमेण्ट बैंकको शुशासनमा समेत प्रश्न उठाउदै आएको बताइन्छ ।

स्रोतका अनुसार, मर्जर प्रकृया शुरु गरेपछि दुबै बैंकले घोषणा गरेको लाभांशले थप शंसय उत्पन्न गरेको छ र इन्भेष्टमेण्ट बैंक भित्र पनि मर्जर नगर्नको लागि दबाब बढिरहेको छ। किनकि इन्भेष्टमेन्ट बैंकले यो वर्ष ११.२४ प्रतिशत बोनस सेयर दिने घोषणा गरेको छ भने हिमालयन बैंकले २१.३६ प्रतिशत बोनस सेयर दिने घोषणा गरेको छ ।

यसअघिको सहमतिअनुसार, १ बराबर १ कित्ताकै अनुपातमा मर्जर गए अब इन्भेष्टमेन्ट बैंकका सेयरधनीलाई ठूलो नोक्सानी हुने निश्चित छ । किनकि, अहिले घोषणा गरिएको बोनस सेयरपछि हिमालयन बैंकको १ सय कित्ता सेयर हुनेले मर्जरपछि बैंकको १२१ कित्ता सेयर पाउने छन्। तर, इन्भेष्टमेन्ट बैंकको अहिले १ सय कित्ता सेयर हुनेले भने १११ कित्ता मात्रै सेयर पाउने छन् । यहीकारण अहिले इन्भेष्टमेण्ट बैंकका शेयरधनीहरु पनि हिमालयसंग मर्जर हुन नहुने भन्दै आवाज उठाउन थालेका छन्।

### कतारमा...

आन्तरिक मन्त्रालयको उम सलाल, अल बक्रा र अल रयान सर्भिस सेन्टरमा र उम सुनैम, मेसाइमिरमा नाम दर्ता गराउनु पर्ने बताएको छ।

कतारले आप्रवासी कामदारको अधिकार संरक्षणका लागि श्रम कानूनमा व्यापक रूपमा सुधार गरिरहेको बताउँदै आएको छ । तर कतारमा कार्यरत नेपालीका संस्था तथा स्वयं कामदारहरूले कम्पनीले समयमा भिसा नवीकरण नगरिदिएको, तलब सुविधा नदिएको र कम्पनी बन्द भएका कारण बाध्यतावश कम्पनी छाड्दा गैरकानूनी हैसियतले बस्नुपरेको बताएका छन् ।

कतारमा वैधानिकरूपमा झण्डै तीन लाख नेपाली कतारमा कार्यरत रहेको भएपनि अवैधानिक हैसियतले बसेका नेपालीको संख्या एकिन हुन नसकेको कतारस्थित नेपाली दूतावासले बताउँदै आएको छ ।

### व्यवसायी...

र विमल चिनालले रेकर्ड गरेका छन् ।

पेशा व्यवसाय र रोजगारीका कारणले परदेश गएको परिवारको सदस्य चाडपर्वको खुसीयालीमा घर नफर्किंदा उत्पन्न हुने न्यास्रोलाई गीतमा कलात्मक शैलीले मर्मस्पर्शी रूपमा जीवन्त तरिकाले पस्किइएको छ भने परदेश गएको परिवारको सदस्य घर फर्केको अवस्थामा ल्याउने उमंग र खुसीयालीलाई पनि उत्तिकै जीवन्तताका साथ समेटिएको छ । तिहारका अवसर खेलिने देउसी भैलोका मौलिक र परम्परागत गीतले म्युजिक भिडियोलाई थप जीवन्त बनाएको छ ।

व्यवसायी सिवाकोटीले व्यापारिक उद्देश्यले नभई मौलिक नेपाली भाषा संस्कृतिको संवर्द्धन र प्रवर्द्धनका लागि म्युजिक भिडियो निकालिएको मध्यान्हलाई बताए । वैदेशिक रोजगार व्यवसायको उतार चढावकाबीच समय पाउनासाथ सांस्कृतिक उन्नयनका लागि आफु समर्पित रहने सिवाकोटीले बताए ।

### महासंघको ...

सापकोटालाई चयन गरेको छ । कार्यसमितिको कोषाध्यक्षमा नारायण अधिकारी तथा सह कोषाध्यक्षमा उत्तम गौतम र कार्यसमिति सदस्यहरुमा माया जोशी, सरिता न्यौपाने, ज्योति श्रेष्ठ, मनोज सिंखडा, रघुनाथ पनेरु, सुशीला कार्की, सिकन्दर साह, प्रकाश राई, नितेश अर्याल, चन्द्र सुदाम, पंवर लामा र श्याम सुन्दास चयन भएका छन् ।

महासंघले प्रदेशमा पनि कार्यसमिति चयन गरेको छ । प्रदेश नं १ मा गणेश खड्का, प्रदेश नं २ मन सञ्जित साह, बागमती प्रदेशमा दिवाकर गौतम र लुम्बिनी प्रदेशमा दिपेन्द्र पौडेलको अध्यक्षतामा समिति चयन गरिएको छ । गण्डकीमा चार वटा मात्र संस्था रहेको हुँदा सुदन अर्याललाई संयोजक चयन गरिएको महासंघले जनाएको छ ।

नयाँ कार्यसमितिलाई वैदेशिक रोजगार विभागका महानिर्देशक दीपक काफ्ले, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजन प्रसाद श्रेष्ठ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका वरिष्ठ उपाध्यक्ष तारा अर्याल, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय अध्यक्ष अशोक राई, वैदेशिक रोजगार पत्रकार समाजका अध्यक्ष उद्धव भट्टराई, नेपाल मेडिकल संघका महासचिव जिवन राई, वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपालका पूर्व अध्यक्ष टंकबहादुर राउत तथा महासंघका सल्लाहकारहरु निवर्तमान अध्यक्ष पुर्णबहादुर मल्लले बधाई तथा कार्यकाल सफलताको शुभकामना दिए । विभागका महानिर्देशक काफ्लेले आएका सुझावलाई कार्यान्वयन तहमा लाने प्रतिवद्धता जनाए ।

शुभकामना मन्तव्यका क्रममा महासंघका सल्लाहाकार तथा पुर्व अध्यक्ष मल्लले राज्यले अभिमुखीकरण तालिमलाई उपेक्षित गरी गैरसरकारी संघसंस्थाको गलत प्रचारको पछि लागेको भन्दै असन्तुष्टि जनाए ।

पाँच वर्षअघि २०७३ सालदेखि वायोमेट्रिक हाजिरीमार्फत भौतिक उपस्थितिमा प्रशिक्षण गराउँदै आए पनि अनेक लाञ्छना मात्रै लगाउने गरेको भन्दै मल्लले विमानस्थलमा औंठाछाप मेसिन देखाउन मात्र राखेको दाबी गरे । ऐन नियम बनाउँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको ढाँचा देखाई सरोकारवालालाई उपेक्षित बनाएको, मन्त्रालयको मन्त्री र सचिवदेखि नीति नियम बनाउने कर्मचारीको तलब दश गुणा वृद्धि हुँदा २०६० सालदेखि हालसम्म सात सय रूपैयाँमा प्रशिक्षण गराउन बाध्य बनाएको, वैदेशिक रोजगार बोर्डले अभिमुखीकरण तालिम लिने वातावरण बनाउनुको साटो व्यवहारमा व्यवसायी विस्थापित गर्ने नीति लिएर तालिम प्रदायक संस्थालाई अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सामी परियोजनामा लगेर बुभन्ाउन खोजिएको आरोप लगाए। विदेशीको हस्तक्षेपका कारणले बोर्डका कार्यकारी निर्देशक सरकारी कर्मचारी हो वा सामीको कर्मचारी हो चिन्नै गाह्रो परेको उनले टिप्पणी गरे ।

एसोसिएसनका वरिष्ठ उपाध्यक्ष अर्यालले निजी सरकारी दुबै पक्ष मिलेर अगाडि बढ्नु पर्ने सुझाव राखे । बोर्डका कार्यकारी निर्देशक श्रेष्ठले २०७७ सालमा नै पाठ्यक्रम निर्माण भैसकेकाले कार्यान्वयनमा ल्याउन व्यवसायीलाई अनुरोध गरे। उनले अभिमुखीकरण संस्थाले बजारीकरण गर्न नसकेको भन्दै त्यसतर्फ ध्यानाकर्षण गराए ।

अध्यक्ष गौतमको सभापतित्वमा सम्पन्न कार्यक्रममा महासंघका महासचिव लक्ष्मी प्रसाद लामिछानेले स्वागत मन्तव्य राखेका थिए । साधारणसभावाट निर्वाचित अध्यक्ष गौतमले सबै प्रदेश तथा आवद्ध नभएका सबै व्यवसायीलाई समेटेर व्यावसायिक आचारसंहितामार्फत व्यवसायीबीच एकता गर्ने प्रतिवद्धता जनाए ।

# चाडपर्व लक्षित सुपथ मूल्यको नाममा उपभोक्तालाई सास्ती

सरकारले दशैं, तिहार र छठ पर्वमा सहुलियत पसल संचालन गर्दै अत्यावश्यक खाद्य बस्तु बजार भाउ भन्दा २० रुपैयाँसम्म सस्तोमा बिक्री गर्दै आइरहेको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनले सहुलियत पसलसहित ३९ वटा मोफसलमा र ८५ वटा उपत्यकामा सहुलियत पसलहरु संचालित छन् । ती सबै पसलहरुले सुपथमुल्यको नाममा उपभोक्तालाई बढी मुल्य तिर्न बाध्य पारिएको छ । उपत्यकाभित्र कालिमाटी, कोटेश्वर, टेकु, सिंहदरबार, सतुगंल, ललितपुर, थापाथली, नख्खु, प्रयागपोखरी, जावलाखेल, जडिबुटी लगायतका ठाउँमा सहुलियत पसल संचालन गरिएको छ तर सो पसलहरु उपभोक्तामुखी नभएर व्यापारीमुखी बनेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बर्षेनी काठमाडौं उपत्यका लगायतमा सहुलियत पसलहरु संचालन गर्दै आइरहेको छ । सहुलियत पसल संचालनका लागि मन्त्रालयले खाद्य कम्पनी र साल्ट ट्रेडिङलाई अनुदान दिने गर्छ तर अनुदानको नाममा उल्टै उपभोक्ताहरु ठगीने क्रम बढ्दो छ ।

**घटस्थापनाकै दिन साल्ट ट्रेडिङका शाखाहरु बन्द**

घटस्थापनाको दिन बिदा भएकाले ललितपुर इमाडोलका बलराम पौडेल साल्ट ट्रेडिङको शाखा जडिबुटीमा सहुलियत सामानहरु किन्न आए । तर शाखाको गेट बन्द भएका कारण सुरक्षा गार्डलाई सोध्दा अघिल्लो दिन हाकिमहरुले बिदा भनेर गएको बताए । उनी भन्छन्, 'सुहलियत पसलको नामा उपभोक्ताहरुलाई सहुलियत भन्दा पनि सास्ती धेरै भयो ।' अघिल्लो सालतिर बग्गीखानामा मेला हुने र त्यतै किन्ने गरेका उनी यस पटक यहाँ आएका थिए । अब बाहिरै किन्नुपर्ला भन्दै उनी फर्किए । अर्का उपभोक्ता मध्यपुर थिमी दधिकोटबाट आएका मञ्जु बराल पनि खाली हात फर्किइन । उनको पनि बिहीबार बिदा भएकै कारण सामान किन्न आएका रहेछन् । उनले गुनासो गरिन्, 'सुपथ मुल्यले उपभोक्तालाई सहज होला भन्ठानेको त झन् असहज बनायो ।' दशैंको लागि भनेर सामान किन्न आएकी उनी उपभोक्ताहरुले सास्ती खेप्नुपरेको बताउँछिन् ।

**सस्तोको विज्ञापन गरेर सामान बिक्रीको आरोप**

दधिकोटका उपभोक्ता दिनेश घिमिरेले दैनिक उपभोग्य वस्तुका सामानहरु सस्तोको विज्ञापन गरेर मुल्य अन्तर नभएका सामानहरु बिक्री गरिरहेको आरोप लगाए । दुई किलो चिनी सस्तो देखाएर उपभोक्तालाई अन्य सामानहरु सहुलियतको नाममा बेचिरहेको उनको आरोप छ । अन्य सामानहरुमा खासै मुल्यको अन्तर नभएको उनले बताए । भक्पुरका सर्वसुलभ उपभोक्ता सहकारी लि.का संचालक तथा प्रबन्धक नारायणमान बनमाला भन्छन्, 'सुपथ मुल्य पसल भन्नाले सेवामुखी हुनुपर्ने हो । तर यो वर्ष सेवामुखी हुन सकेन ।' उपभोक्ताले चिनी ४ किलो माग्छन् तर साल्ट ट्रेडिङको चिनी एक केजी भन्दा दिन नसकेको उनी बताउँछन् । संस्थानमै चिनी नभएपछि हामीले कसरी दिनु ? उनी भन्छन् ' उपभोक्ताले जसरीपनि चर्को मुल्य तिर्नुपर्ने बाध्यता छ । तर केहि हदसम्म अनियन्त्रित बेथिती कम होला कि ? भन्ने लागेको छ ।'

**उपत्यका डायरी**
दिपेन्द्र श्रेष्ठ/मध्यान्ह

सरकारले व्यवस्थित तरिकाले सुपथ मुल्य पसल चलाउनुपर्ने हो । यो अव्यवस्थित अवस्थाले गर्दा उपभोक्ताले सास्ती खेप्नुपरेको उनी बताउँछन् ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जन सरकारको तर्फबाटै जनतालाई बेबकुफ बनाउने काम भएको बताउँछन् । डीडीसीको घ्यू साल्ट ट्रेडिङले सहुलियत दर भनेर लिटरको ८ सय ९० रुपैयाँमा बेचेको छ । त्यहि घ्यू डीडीसीले एक सय रुपैयाँ बढाएर ९ सय ९० मा बेचिरहेको छ । यस्तो किसिमको प्रवृतिले बजार भाउ झन् बिग्रिएको उनी बताउँछन् । चिनीको मुल्य अहिले बजारमा ९५ रुपैयाँ पुगेको छ । सरकारले प्रयाप्त मात्रामा बजारमा चिनी आएको बताउँछ तर बजारमा चिनी प्रयाप्त मात्रामा छैन । भएको भए चिनीको भाउ यति माथी नपुग्ने उनी बताउँछन् । सरकारसँग अहिले १ सय ५० मेट्रिकटन चिनी स्टक छ । तर बजारमा दिनको २० हजार मेट्रिकटन खपट हुन्छ । त्यसैले सहुलियत पसलहरुमा प्रयाप्त चिनी नपुगेको उनी बताउँछन् ।

अनियन्त्रित बजार भाउमा सरकार र सहुलियत पसलहरुले उपभोक्ताहरुलाई यस वर्ष भद्दा मजाक गरेको उनी बताउँछन् । सहुलियत दर भनेको छ । तर सामान दिन सकेको छैन । यस्तो अवस्थामा सामान जोसँग छ । उसले सामानको मुल्य बढाएर बेचिदिन्छ । मुल्य मात्र राखेर हुँदैन सामान पनि प्रयाप्त मात्रामा दिनसक्नु पर्छ ।

घिउ प्रतिलिटर ८ सय ७० रुपैयाँमा बिक्री हुनेछ । सहुलियत पसलमा दाल, चामल, फापर, केराउ किलोमा पाँच रुपैयाँ छुट गरेर बिक्री हुनेछ । खाद्यले बिक्री गर्ने सिमी किलोमै १० रुपैयाँ छुट दिने निर्णय भएको छ । खाद्यले बिक्री गर्ने खसी र च्याङग्रा समेत किलोमा १० रुपैयाँ छुट दिने निर्णय भएको छ । खाद्यले तीन हजार खसी र च्याङग्रा ल्याएर बिक्री गर्दैछ । निजी व्यवसायीले बिक्री गर्ने भन्दा खसी र च्याङग्रा सस्तो हुनेछ ।

# भक्तपुरको रानीपोखरी प्रवेशद्वार र फल्चा शिलान्यास



भक्तपुर नगरपालिका १ सल्लाघारीस्थित भक्तपुरको ऐतिहासिक रानीपोखरीको उत्तरपूर्व प्रवेशद्वार र पाटी निर्माण कार्यको शिलान्यास गरिएको छ । नगर प्रमुख सुनिल प्रजापतिले बिहीबार एक कार्यक्रमबीच शिलान्यास गरेका हुन् । कार्यक्रममा बोल्दै प्रजापतिले सन् १६८६ मा राजा जगज्योर्ती मल्लको पालामा बनेको भक्तपुरको रानीपोखरीले भक्तपुरको सुन्दरता अझ बढाएको र देशकै सुन्दर नगरको रुपमा विकास गर्न नगरपालिका निरन्तर लागिरहेको बताए । भक्तपुरमा रहेको सांस्कृतिक एवम् पुरातात्विक सम्पदाको सुन्दरतालाई आर्थिक स्रोतमा रुपान्तरण गर्न सकिने भएकोले यहाँका सम्पदाहरु पुनःनिर्माण गर्दै आएको बताए । कला संस्कृति संरक्षणलाई प्रमुख प्राथमिकतामा राखी भक्तपुर नपाले भूकम्पबाट भत्केका १ सय ८ वटाभन्दा बढी सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार गरिसकेको र ऐतिहासिक रानी पोखरीले पनि पुनःनिर्माणसँगै इतिहास खोतल्ने काम भएको बताए । उक्त कार्यक्रममा उपभोक्ता समितिका अध्यक्ष पुन्यराम गारु, कोषाध्यक्ष सुमित्रा धौंजु र स्थानीय कृष्ण लगायतको उपस्थिति रहेको थियो ।

# एकीकृत उपभोक्ता संघद्वारा प्रकाशित जमरा स्मारिका लोकार्पण



घटस्थापनाको दिन एकीकृत उपभोक्ता संघ सुविधानगर तीनकुने काठमाडौंले वार्षिक रुपमा प्रकाशित गर्दै आएको जमरा स्मारिका २६ औं अंक लोकार्पण गरिएको छ । प्रमुख अतिथि वरिष्ठ साहित्यकार एवं पूर्व प्रशासक, वैकल्पिक उपचारका ज्ञाता, डा.इन्दुल के. सीले स्मारिकाको लोकार्पण गरेका हुन् ।

संघका अध्यक्ष मदन कुमार सिवाकोटीको सभापतित्वमा भएको उक्त कार्यक्रममा काठमाडौं महानगरपालिका वडा नं. ३२ का अध्यक्ष नवराज पराजुलिले संघले गरेका विकास निर्माणको प्रशंसा गर्दै वडा कार्यालयले आगामी दिनहरुमा थप कार्यहरु गर्ने प्रतिबद्धता व्यक्त गरे । बौद्धिक वर्ग संयोजक दिर्घराज मैनालीले आफ्नो क्षेत्रमा संघ उदाहरणीय कार्यमार्फत प्रेरणादायी भएको बताए । ट्रिटन योग समितिका अध्यक्ष तथा योग गुरु लवराज जोशीले संघको सहयोगमा योग सामग्री प्राप्त भैं सबैको स्वास्थ्यमा सेवा पुऱ्याउन योगदान पुगेको बताए । संघका सल्लाहकार भुपती खड्का, पदम नारायण श्रेष्ठ र राजु अधिकारीले संघले तीन दशकमा गरेको संघर्ष र २६ अंकसम्म जमरा स्मारिका प्रकाशनको इतिहासबारे जानकारी गराएका थिए । सभापति मदन कुमार सिवाकोटीले कोरोनाको समयमा समेत संघले आफ्नो सेवा कार्यलाई उत्कृष्ट रुपमा निर्वाह गरेको र यसमा सबैको साथ सहयोग प्राप्त भएको बताए ।

# रौतहटमा विज्ञापन नै नगरी घुस लिएर शिक्षक नियुक्ति



**इस्तयाक अहमद/मध्यान्ह**
रौतहट, २१ असोज

रौतहटको इशनाथ नगरपालिका वडा नं. ७ स्थित विशेश्वर प्रसाद कोइराला उच्च मा.वि. जोकहा घिउरामा बिना कुनै विज्ञापन घुस लिएर शिक्षकहरु नियुक्त गरिएको खुलेको छ । प्रत्येक नियुक्ति बापत करिब ४ लाख देखि ४ लाख ५० हजारसम्म घुस लिएर करिब १० जना शिक्षक नियुक्ति गरिएको छ ।

जिल्ला शिक्षा इकाई गौरबाट उक्त नियुक्ति बदर गरी तलब नखुवाउन आदेश नै जारी गरिएको बुझिएको छ । तथापी अवैधानिक नियुक्ति पाएकामध्ये ५/६ जनालाई विद्यालयमा बोलाइ पठन-पाठन गर्न लगाइएको छ । विद्यालयका अभिभावकहरुले यस्ता कार्यप्रति दुःख व्यक्त गरेका छन् भने विभिन्न शंका उपशंकाका साथ केही अप्रिय घटना हुने हो की ? भन्ने चिन्ताको विषय बनेको छ । त्यो अवैध नियुक्ति गत साल फागुन महिनामा नै गरिएको खुलासा भएको छ । विद्यालयका प्र.अ.राकेश ठाकुर र कागजी व्यवस्थापन समितिका अध्यक्ष नागिन्दर ठाकुरको मिलोमतोमा उक्त अवैधानिक नियुक्ति गरिएको बताइएको छ ।

श्रोतका अनुसार अवैध नियुक्ति गरिएका शिक्षकहरुले तलब भत्ता माग गर्दा घुस लिएको पैसाबाट एक एक महिना तलब खुवाएको एक शिक्षकले नाम उल्लेख नगर्ने सर्तमा मध्यान्हलाई बताए । साथै इशनाथ नगरपालिकाको शिक्षा शाखाका का.मु. प्रमुख राजेन्द्र यादवसँग यसबारे बुझ्दा उनले केही कागज यहाँ नरहेको र यस्ता अवैध नियुक्ति नभएको बताए ।


## साउदीमा रोजगार

१. कम्पनी : ZONE RESTAURANT FOR SERVING MEAL — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०६/२० | चलानी नं.: ६०१६४९६६ | L.T. No.: 247643

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : LIMAAN SPECIAL TRADING EST — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०६/२० | चलानी नं.: ६०१६४९६७ | L.T. No.: 247490

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २९ गते (15 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com


Naumule Rural Municipality
**Office of the Rural Municipal Executive**
Naumule, Dailekh, Karnali Province, Nepal

## INVITATION FOR E-BID

***(Tender Notice No: 01/078-079)***
***Date of First Publication: 2078/06/22 B.S.***

1. The Naumule Rural Municipality invites Bids from registered bidders/contractors for the construction of following projects.
2. The Estimated amount (Excluding VAT and Contingencies) for the works is mentioned in the below table.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Naumule Rural Municipality, Naumule-Dailekh, and Mobile No. 9802545870/980254575 and may visit RMP website www.naumulemun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of bid document should be purchased by downloading for e-submission from PPMO'S website www.bolpatra.gov.np/egp. Bidders submit their bid electronically, should deposit the non refundable cost (as specified in below table ) of the bidding document in the project's office account no. as specified below and the scanned copy(pdf format)of the Bank deposit voucher shall be uploaded by the bidder at the time of the electronic submission of bids.
   Information to deposit the cost of the bidding document in the bank:
   **Name of the Bank:** NMB Bank, Naumule Branch, Dailekh
   **Name of Office/Account:** Naumule Rural Municipality, Naumule-Dailekh
   **Sanchit Account No.:** 10409100717124000004
5. Bid document must be submitted for each Bid document through PPMO's websitewww.bolpatra.gov.np/egp.on or before as mentioned below. Bids received after this deadline will be rejected.
6. Bid document must be valid for a period of 90 days after opening of bid document and must be accompanied by a scanned copy of the bid security (pdf format) amounting to a minimum as specified below in table, Which shall be valid for a period of 30 days beyond the validity period of the bid in Dharauti A/C No.10409100717124000003 of NMB Bank, Naumule Branch, Dailekh or Bid bond in the form of bank guarantee issued by the bank recognized by GON as a "A" class commercial bank, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the below mentioned date and time at the office of the Naumule Rural Municipality, Naumule-Dailekh.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The format of the bid security (Bank Guarantee) should be in accordance with form of bid security included in bid documents.
10. Others conditions will be applied according to Procurement Act, 2063 and Procurement Regulation 2064 and other relevant law of government of Nepal.

| S. N. | Contract Identification No. | Name of the Project & Location | Estimated Amount Excluding Vat (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Last Date & Time, for Purchase | Last date & Time for Submission | Bid Opening Date and Time | Bid Opening Location |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NCB/NRM/01/ NTCNKBS/078/79 | NAUMULE THULOCHAMLAY NIRAGA HUNDAI KAGATE BHABASAINI SADAK CONSTRUCTION WORKS Naumule RM-2, Dailekh | 9321965.10 | 3000 | 2,33500.00 | 23-07-2078 Upto 12:00 AM | 23-07-2078 Upto 1:00 PM | 23-07-2078 Upto 2:00 PM | Office of the Naumule Rural Municipality, Naumule-Dailekh |
| 2. | NCB/NRM/02/ NDCBKJGS/078/79 | NAUMULE DWARI CHHIHIRA BHITRIKHOLADEKHI GOPENI SADAK CONSTRUCTION WORKS Naumule RM-3, Dailekh | 10169340.22 | 3000 | 254500.00 | | | | |

## सम्पादकीय

# निगरानीको खाँचो

यो वर्षको दशैं शुरू भएको छ । दशैं मनाउन शहरबाट गाउँ फर्कने क्रम बढेको छ भने तयारी हुने नै भयो । राजधानी उपत्यका सहित ठूला शहरी क्षेत्रमा विभिन्न प्रयोजनमा निम्ति अस्थायी बसोबास गरिरहेकाहरू दशैं मनाउन गाउँ फर्कदैछन् । दशैंमा फर्कनेहरूको संख्या बढ्ने भएकाले लामो दूरीका यातायात र हवाई जहाजको भाडा समेत बढेको छ । यस्तो बेला सरकारले आवश्यक निगरानी राख्न जरूरी हुन्छ । दशैंको गतिविधिका कारण उपभोग्य सामग्रीको समेत मूल्य बढाउने समस्या पुरानै हो । व्यापारीको कृतिम अभाव देखि अनियन्त्रित मूल्य बृद्धिबारे समेत सरकारले कठाइ गर्न जरूरी छ । अराजक बजारबाट आमनागरिक ठगिनु सरकार प्रभावकारी नरहेको प्रमाण समेत हो ।

त्यसैले सरकारले बजार निगरानीमा विशेष ध्यान दिन जरूरी छ । लामो तथा छोटो दूरीको भाडा, जहाजको टिकट, उपभोग्य सामग्रीको मूल्य सकेसम्म निर्धारण गरिनु राम्रो हो । तर बजारको सवै सामग्रीको मूल्य निर्धारण सरकारको तत्कालीन सामर्थ्य भन्दा बाहिर देखिन्छ । किनकि खुला र उदार अर्थव्यवस्थामा मूल्य निर्धारण बजारले नै गर्ने गर्छ । तर कृतिम अभाव सिर्जना गरेर अनियन्त्रित तरिकाले मूल्य बृद्धिबाट नागरिकलाई जोगाउनु सरकारको दायित्व हो । अझ मुलुक कोरोना महामारीको खतराबाट मुक्त भइसकेको छैन । अघिल्लो वर्षमा जस्तै यो वर्षको दशैंमा पनि कोरोना महामारीको संक्रमणमा केही कमी आएको छ । तर पर्याप्त खोप उपलब्ध नभएकाले कोरोना संक्रमणको खतरा टरिसकेको छैन ।

अझ तेस्रो लहरको संक्रमणको त्रासदी कायमै छ । गत वर्ष पनि कोरोना महामारी केही घटेर गएपनि दोस्रो लहरको संक्रमणले ठूलो मानवीय, आर्थिक र सांस्कृतिक क्षति पुगेको छ । दोस्रो लहरको महामारीबाट नेपालमा पनि आठ हजार बढी नागरिकले ज्यान गुमाए । पहिलो लहरको महामारीबाट तीन हजार हाराहारी नागरिकले ज्यान गुमाएका थिए । तर दोस्रो लहरमा त्यो संख्या एघार हजार नाघेको छ । अतः नागरिकले कोरोना महामारीबाट सतर्कता रहेर दशैं मनाउन जरूरी छ । अनि, सरकारले पनि महामारीको रोकथामका लागि आवश्यक निर्णय गर्ने देखि नागरिकलाई सहज तरिकाले दशैं मनाउने बातावरण मिलाइ दिन आवश्यक छ ।

## सामाजिक सञ्जाल



केपी ओलीले ल्याएको अध्यादेशको विरोध गरियो त्योभन्दा झनै तल झरेर अध्यादेश ल्याइयो । एक व्यक्ति एक पद भनियो त्यो पनि देखियो । मन्त्री छान्ने राजनीतिक नियुक्ति गर्ने पार्टीले हो, व्यक्तिले होईन भनियो तर, अहिले व्यक्तिले नै जिम्मा लिनु भो । विधी पद्धतिको एक/एक जवाफ दिंदै जानुभएको ।

- भगवती न्यौपाने



शैक्षिक प्रणालीमा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्छन् छिर्कैमिर्कै विद्यार्थी नेताहरू ! पहिला शिक्षालय हाताभित्र राजनीति बन्द गर, संगठन विघटन गर, ध्यान लाएर पढ ! समस्याको जड आफैं अन्त्य हुन्छ ।

- निर्मल प्रसाईं



सबैले हेप्छन् - यो सार्वभौम सिद्धान्त हो कि बिना परिश्रमको बाक्लो दाल खान घर फुटाउनेलाई सबैले हेप्छन् । मापसे गठबन्धनले पनि माधव नेपालको "कुण्ठा समाजवादी" लाई अर्थ हिन, भूमिका हिन मन्त्रालय दिएर हेपे ! जस्तोलाई त्यस्तै ! स्वास्थ्य माफियालाई स्वास्थ्य मन्त्रालयको जिम्मा लगाए पछी हुने यस्तै हो । नियन्त्रणमा आउन सकेन कृष्णनगरमा फैलिएको झाडापखाला ।

- नारायण शर्मा



आफु मातहतका कर्मचारीलाई झ्याल खाना तीर पुऱ्याएर, राष्ट्रको सम्पत्ती कुम्ल्याएर आफु र पार्टीलाई खर्चबर्च ल्याउन सक्ने चतुरेलाई मन्त्री बनाए भै गोनी ! उठाउन सक्ने पनि चाहियो तलदेखिका योजनाहरूमा ! त्यहि भैरहेको त छ !

- विनोद न्यौपाने



सय दिन हनिमुन पिरियड रे ! ६३-७८ सम्म देश र जनताको सरकारै बनेन पाउने आशा छैन तर ८७ दिन गुज्रदै गर्दा चयनले जिएका मापसे बडो बेचैनीको दलदलमा फसे । गोरू ब्याउदैछ क्यारे ती बाछा-बाछीको खै हनिमुन ? गारो छ कोही आत्महत्या गर्लान्, कति डिप्रेसनमा जालान्, कालो धनको थैली खोल्नु पर्ने, जनताको खप्की उफ !

- गोविन्दकुमार थापा


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# अफगानिस्तानमा चीनलाई अवसर र चुनौती

**मुख्यतः आर्थिक कारणहरुले गर्दा पुनः लगानी गर्नका लागि बेइजिङ्ग पहिला एउटा सुरक्षित र सहज वातावरण बनाउने दिशामा अग्रसर रहेको छ । के अपेक्षा गरिँदैछ भने काबुलको वर्तमान तालिबानीको प्रभुत्व रहेको नयाँ सरकारले चीनसँग डबल ट्याक्शेसन एभ्वाइडेन्स एग्रिमेण्ट (डीटीए) मा हस्ताक्षर गर्नेछ र शायद पहिलेदेखि नै रहेको चीन-पाकिस्तान ज्वाइण्ट कमिटी अन इकोनोमिक्स एण्ड ट्रेड(जेसीइटी) लाई अब नयाँ गति मिल्ने छ ।**



● लोकनारायण सुबेदी

तालिबानले सत्ता प्राप्ति गरेपछि पनि अफगानिस्तानको भविष्य के हुने अन्यौंल कायमै छ । तालिवानको आगमन र अमेरिकी सेनाको फिर्ती पछि पनि त्यस क्षेत्रमा अस्थिरता अन्त्य होइन बृद्धि हुँदै गएको देखिन्छ । यस लेखमा पंक्तिकारले तालिबानको पुनरोदयसँगै ९० किलोमिटर सीमाना जोडिएको चीनसँग जोडिएको सम्बन्धका सम्भावनाबारे केहि चर्चा गर्ने प्रयास गरेको छ ।

चीनका लागि अफगानिस्तानको घटना विकासले निकै ठूलो असर पार्ने कुरा चिन्ताको विषय बन्नु अस्वाभाविक होइन । अब फेरि पनि अफगानिस्तानमा अस्थितरता र हिंसा बढ्यो भने त्यसको असर सोझै चीनको सुरक्षामाथि र चीनको रणनैतिक हितमा समेत पर्ने विश्लेषकहरु औंल्याइरहेका छन् । बीस वर्ष अगाडि सन् २००१ मा अफगानिस्तानमा अमेरिकी कब्जा भएपछिदेखि चीनले आमरुपमा अफगानिस्तानको मामिलामा चीनले आफूलाई अलग्गै राख्यो । यद्यपि यथाकदा चीनले अफगानी सरकारलाई आर्थिक मद्दत भने दिँदै रह्यो र दुई देशका बीचको व्यापारलाई बढाउनका लागि सामान्य सानातिना प्रयासहरु पनि गर्दै आएको देखिन्थ्यो तर यता पछि आएर जब अमेरिकी राष्ट्रपतिका नाताले डोनाल्ड ट्रम्पले 'अफगानिस्तानबाट हट्ने' चर्चा शुरु गरे त्यसबेलादेखि भने चीनले पनि अफगानिस्तानसँगको सम्बन्धमा आफनो चाख बढाउन शुरु गरेको देखिन्छ । २०१७ मा चीन-अफगानिस्तान-पाकिस्तन त्रिदेशीय संवाद स्थापित गरेर त्यसबाट अफगानिस्तान र पाकिस्तानबीचको सम्बन्धमा रहेको तनाबलाई कम गर्ने कोसिस गरको देखिन्छ । त्यस क्रममा पछिल्लो चौथो त्रिपक्षीय संवाद २०२० को जून महिनामा भएको थियो । त्यस त्रिपक्षीय संवादको भबिष्य अब यस क्षेत्रमा शान्ति कायम गर्ने तालिबानको दृष्टिकोणमाथि नै मूलतः अब भर पर्ने औंल्याइदैछ । करीब दुइ वर्ष अगाडि २०१९ मा चीन नै अफगानिस्तानका माल-सामानको निर्यातको पाँचौं ठूलो स्थान रहेको थियो । त्यसभन्दा पहिला क्रमशः यूएई, पाकिस्तान, भारत र अमेरिका नै आउँदथे । अनि चीन नै अफगानिस्तानको आयातको पनि सबैभन्दा ठूलो चौथो स्रोत थियो । यस मामिलामा चीनको नम्बर यूएई, पाकिस्तान र भारत पछि आउँदथ्यो ।



अहिले अफगानिस्तानबाट अमेरिका हट्ने र तालिबानको राजनीतिक शक्ति एकाएक जस्तो अचानक बढ्न गएको पृष्ठभूमिमा बेइजिङ्गले यो आफ्नो छिमेकी देशकाप्रति एउटा व्यवहारिक दिशाबोधकै प्रदर्शन गरिरहेको छ । चीनले तालिबानसँग सम्बन्ध राख्ने कुरामा कुनै अनिच्छा देखाएन बरु के इच्छा जनायो भने चीनको घरेलू तथा क्षेत्रीय हितमा कुनै असर नपर्ने गरी चीन तालिबान सरकारलाई सहयोग नै गर्न चाहन्छ । तालिबानले अफगानिस्तानमा सत्ता सम्हाल्नुभन्दा पहिला चीनले तालिबानका मुख्य वार्ताकार मुल्ला अब्दुल गनी बरादरको नेतृत्वमा शीर्ष तालिबानी नेताहरुको आतिथ्य गरेको थियो । चीनका विदेशमन्त्री वाङ यीले त्यतिबेला बिशेष जोड दिएर भनेका थिए कि 'बेइजिङ्ग अफगानिस्तानको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैन'अनि वाङ यीले बिभिन्न अफगानी गुटहरुसँग आह्वान पनि गरेका थिए कि उनीहरु आपसी टक्करबाट बचुन् र अफगानिस्तमा परस्पर संवाद्लाई तीब्र पारुन् तथा देशलाई फेरि अर्को आतंकको अड्डा बन्नबाट जोगाउँन् । उनले तालिबानसँग के आग्रह पनि गरेका थिए भने आतंकवादी शक्तिहरुसँग आफ्ना सारा सम्वन्धहरु उसले तोड्नु पर्दछ र यस्तो एउटा जिम्मेवार शक्तिकोरुपमा प्रस्तुत हुनु र आचरण गर्नु पर्दछ जुन कुरा अफगानिस्तानको भविष्यको नेतृत्व गर्न योग्य हुनेछ । यस सम्बन्धमा अमेरिकाको एक प्रसिद्ध समाचापत्र न्यूयोर्क टाइम्सले भनेको छ कि 'अमेरिका हटिसकेपछि त्यसलाई बेइजिङ्गले ती कुरा उपलब्ध गराउन सक्छ जुन अफगानिस्तानलाई अत्यन्तै आवश्यक छन् । ती हुन् - राजनीतिक निष्पक्षता र आर्थिक लगानी । त्यसको साटोमा अफगानिस्तानसँग ती कुरा छन्, जुन चीनका लागि ठूलो मूल्य हो । ती कुरा हुन् संरचनागत तथा उद्योगको निर्माण गर्ने अवसर अनि ती यस्ता क्षेत्र हुने जुन क्षेत्रमा चीनको क्षमता निर्विवादरुपले बेजोड छ भनेर सबैले मान्दछन् । यसका अतिरिक्त १० खर्ब डलर कसैले छुन नपाएको खनिज भण्डारसम्म चीनको पहुँच' ।

> चीनका लागि अफगानिस्तानको घटना विकासले निकै ठूलो असर पार्ने कुरा चिन्ताको विषय बन्नु अस्वाभाविक होइन । अब फेरि पनि अफगानिस्तानमा अस्थितरता र हिंसा बढ्यो भने त्यसको असर सोझै चीनको सुरक्षामाथि र चीनको रणनैतिक हितमा समेत पर्ने विश्लेषकहरु औंल्याइरहेका छन् ।

२०२१ को जुलाईमा उत्तरी पाकिस्तानमा एउटा चिनियाँ शटल बसमाथि भएको बम हमलामा डासु जलबिद्युत आयोजनाको बाँधमा काम गरिरहेका ९ जना चिनियाँ इञ्जिनियरहरु मारिएका थिए । त्यसभन्दा पहिला अप्रिल महिनामा पाकिस्तानी तालिबानले एउटा होटलमा आत्मघाती बम हमला गरेको थियो, जुन होटलमा चिनियाँ राजदूत रहेका थिए । चिनले डासु परियोजनामा अफगानी तालिबानको संलग्नता र दोषलाई स्वीकारेन । बेइजिङ्गले अफगानी र पाकिस्तानी तालिबानका बीच स्पष्ट फरक किसिले हेर्ने गरेको छ । उसले पाकिस्तानी तालिबानलाई एउटा आतंकी संगठन मान्दछ भने अफगानी तालिबानीलाई एक धूरीको सैन्य राजनीतिक शक्ति मान्दछ । चीनले तालिबानबाट के कुराको अपेक्षा गर्दछ भने उसले तहरीक-ए-तालिबान(पाटीटीपी) लाई सही बाटोमा ल्याउने छ र चीन-पाकिस्तान आर्थिक कोरिडर(सीपीईसी)लाई सुरक्षित गर्ने छ ।

सुरक्षा अवस्थासँग सम्बन्धित चिन्ताहरु हुँदाहुँदै पनि बेइजिङ्गको इच्छा काबुलसँग आर्थिक सम्बन्ध बढाउने नै छ । किनभने चीन अफगानिस्तानलाई आफ्नो बेल्ट एण्ड रोड इनिशिएटिभ(बीआरई) का लागि पनि यसलाई एउटा महत्वपूर्ण परिबहन सम्पर्क(लिङ्क) बिन्दू मान्दछ । यता बाखान गल्छीबाट काबुललाई चीनसँग जोड्ने सडक बनाउने ५० लाख डलरको परियोजनामा पहिलादेखिनै काम भइरहेको छ । यद्यपि अहिलेससम्म बीआरईअन्तर्गत अफगानिस्तानमा जे जति परियोजनाहरु अगाडि बढाउने कोसिस गरिँदै आएको छ तिनमा प्रगति हुन सकिरहेको छैन । उदाहरणका लागि तामा खानीका लागि चिनियाँ सरकारी कम्पनी एमसीसी तथा अफगानिस्तान सरकारका बीच जुन सम्झौता भएको थियो, त्यो ठूलो सुरक्षाका खतराका कारण स्वतः समाप्त भएर गयो । यद्यपि अहिले अनेक बिघ्न बाधाहरु र त्यस क्षेत्रमा मडारिएको अमेरिकी छाया हुँदाहुँदै पनि चीन कुन कुराका लागि उत्सुक देखिएको छ भने चीन-पाकिस्तान आर्थिक कोरिडर (सीपीईसी) को अफगानिस्तानसम्म बिस्तार गरिनु पर्दछ । मुख्यतः आर्थिक कारणहरुले गर्दा पुनः लगानी गर्नका लागि बेइजिङ्ग पहिला एउटा सुरक्षित र सहज वातावरण बनाउने दिशामा अग्रसर रहेको छ । के अपेक्षा गरिँदैछ भने काबुलको वर्तमान तालिबानीको प्रभुत्व रहेको नयाँ सरकारले चीनसँग डबल ट्याक्शेसन एभ्वाइडेन्स एग्रिमेण्ट(डीटीए) मा हस्ताक्षर गर्नेछ र शायद पहिलेदेखि नै रहेको चीन-पाकिस्तान ज्वाइण्ट कमिटी अन इकोनोमिक्स एण्ड ट्रेड(जेसीइटी) लाई अब नयाँ गति मिल्ने छ । त्यो कमिटी २०१७ देखि नै सुसुप्त अबस्थामा रहिरहेको थियो ।

सन् २०१४ को अगष्टमा नै चीन र अफगानिस्ताले कतिपय अफगानी माल-सामानलाई शून्य करको सुबिधा दिएर चीन निर्यात गर्नका लागि एक्चेञ्ज नोट्समा हस्ताक्षर पनि गरिसकेका छन् । यस क्रममा २०१५ देखिनै अफगानिस्तानका ९७ प्रतिशत माल-सामानहरुले चीनमा निर्यातका लागि शून्य कर कानुनको स्थिति हासिल गरिसकेका छन् । काबुलको अहिलेको नयाँ शासन सत्ता र बेइजिङ्ग दुई देशका बीच स्थिरता, शान्ति र ब्यापारिक आदान-प्रदान चाहन्छन् । तर प्रश्न के रहेको छ भने अमेरिकाले यस सम्बन्धलाई सहजरुपले फल्न फुल्न देला र ? वाशिङ्गटनले मानव अधिकारसम्बन्धी मामिलामा काबुल र बेइजिङ्ग दुबैमाथि कडा शर्तहरु तेर्स्याउने स्थिति देखिन्छ । अमेरिकाले यस विषयमा शायद सैन्य उपायको उपयोग त अहिले नगर्ला तर पनि उसले आर्थिक प्रतिबन्धको हतियार प्रयोग गरेर तालिबानलाई चीनको धेरै निकट जानबाट रोक्ने कोसिस भने अवश्य गर्ने छ । अफगानिस्तान तथा पश्चिमा एशियामा अतिवादी तत्वहरुलाई आफ्नै हिसाबले चलाउने बिगतको आफ्नो अनुभवको आधारमा अमेरिकाले तालिबानमा पनि ध्रुबीकरण ल्याउन सक्छ र विभिन्न अफगान गुटहरुका बीचमा झगडाको बिउ रोप्न सक्छ । चीनलाई यी कुराको पनि चिन्ता होला नै कि अमेरिका आफ्नो इशारामा चल्ने विभिन्न गुटहरुको उपयोग गरेर चीनको शिञ्ज्याङ्ग प्रान्तमा राजनीतिक अशान्ति फैलाउन सक्दछ ।

समग्रमा विश्वलाई चिन्ता छ - अफगानिस्तान कतै अर्को सिरिया बन्ने त होइन् ? जहाँ विभिन्न बहुराष्ट्रिय शक्तिहरुले आफ्नो सैन्य कुशलता र प्रभावकारिता कायम गर्नका लागि आपसमा होडबाजी गरिरहेका छन् र आ-आफ्ना रणनैतिक लक्ष्य पूरा गर्नका लागि परस्पर भिडिरहेका छन् । यी सबै समस्याका बीच चीन र अफगानिस्तानले शान्ति, स्थिरता र विकासका लागि सुझबुझपूर्ण तरिकाले चल्नु पर्ने देखिन्छ ।

# एउटा नेताको खोजी !

**युद्धमा फसेको मुलुकको भन्दा डरलाग्दो र भयावह अवस्थामा आर्थिक क्षेत्र फसेको छ । त्यहाँबाट कसरी मुलुकलाई पार लाउने भन्ने आन्दोलन कहिले कसले गर्ला र हेर्न पाइएला भन्ने चिन्ता जनताको मनमा छ । विकास निर्माणको निमित्त, जनजिविकाको सवालमा, भ्रष्टाचार नियन्त्रण गर्न, सुशासन कायम गर्न, दबिएको वर्ग र क्षेत्रलाई माथि उठाउन, उद्योगधन्दा, कलकारखाना स्थापना गर्न, विदेशीएका नेपालीलाई स्वदेश फर्काएर रोजगारी दिनको निमित्त हुने आन्दोलन कहिले हेर्न पाइएला ?**



● जनकराज पाठक

तीस वर्षिय पञ्चायती व्यवस्था नै विकास, स्वतन्त्रता र प्रजातन्त्रको बाधक ठानेर २०४६ मा राजनीतिक परिवर्तनको निमित्त भएको आन्दोलनले व्यवस्था परिवर्तन गऱ्यो । त्यो परिवर्तन पछि जनताले आफ्नो समस्याहरु समाधान होला, जीवनस्तर माथि उठ्ला, मुलुक विकासमय होला वा विकासको युगमा प्रवेश गर्ला भन्ने सोंचेका थिए । तर, मुलुक विकास र समृद्धिको युगमा हैन आन्दोलनको भूमरीमा फस्यो अर्थात् आन्दोलन युगमा मुलुक फस्यो । आत्मकेन्द्रित स्वार्थी तथा बिकाउ नेताहरूले नेपाली जनहित भन्दा व्यक्तिगत स्वार्थ अनि विकाउवादमा केन्द्रीत राजनीति गर्न थाले । फलस्वरूप २०५२ सालबाटै अर्को आन्दोलन सुरु भयो ।

नेपाली जनताको हक अधिकार, स्थापनाको निमित्त भएको भनिएको आन्दोलनले करिब १७ हजार नेपालीको ज्यान लियो । लाखौ बालबालिकालाई टुहुरो बनायो । हजारौं छोरी चेलीको सिउँदो पुछ्यो । लगातार १२ वर्ष चलेको आन्दोलनबाट प्रताडित भएर पाखुरामा दम भएका करिब ५० लाख युवाहरु श्रम बेच्न विदेश पलायन भए । लगातार १२ वर्ष आन्दोलनकारीले स्वदेशमा लुटेको तथा विदेशीले दिएको धनको बलमा आन्दोलन चलाइरहे भने विदेशमा श्रम बेचेर आएको विप्रेषणमा सरकारमा सहभागीहरुले तर मारिरहे ।

त्यो समयलाई विश्लेषण गर्ने हो भने मुलुक विकास निर्माणमा २० वर्ष पछि धकेलियो । ग्रामीण भेकमा रहेका राज्यका भौतिक संरचनाहरु करिव ध्वस्त भए । स्वास्थ्य चौकीदेखि प्रहरी चौकीसम्म राज्यको उपस्थित कतै रहेन । दैनिक जसो हुने भिडन्तबाट खरवौं आर्थिक नोक्सान राज्यले व्यहोर्नु पऱ्यो । जनताको जीवनस्तर खस्कदै गयो ।

विदेशी डलरको प्रभावमा जातजाति तथा धर्मालम्बिबिच अर्को आन्दोलन सुरु गराइयो । कुनै समय एउटै आँगनमा बहस गर्ने बाहुन, क्षेत्री, दलित र जनजाति आपसमा लडाइँ गर्न थाले । एउटै पर्वलाई साझा रुपमा स्वीकार गर्ने धर्मावलम्बीबिच क्रिस्चियनहरूको उपस्थितिले भिडन्त गरायो । दशैमा टीका लाउने र नलाउने, गाई पुजा गर्ने वा नगर्ने, राष्ट्र निमार्तालाई मान्ने वा नमान्ने जस्ता सवालमा समेत आन्दोलन हुन थाल्यो । हरेक क्षेत्र आन्दोलनको तापले ध्वस्त हुन थाल्यो । सामाजिक मर्याद हरायो, मेलापर्वमा हुने भाइचाराको सम्बन्ध अन्त्य भयो । बिकाउ नेताहरुले भाइभाइबिच युद्ध गराएर आफ्ना सवै स्वार्थ पूरा गरे ।

यो आन्दोलनको अन्त्य तिर सरकार पक्ष र आन्दोलनकारी पक्ष एकता भयो र साझा उद्देश्य बन्यो कि पुनः एकपटक सबै विकास स्वतन्त्रता र प्रजातन्त्रको विरोधीको रुपमा राजालाई हेरियो र त्यसको विरुद्धमा आन्दोलन भयो । आन्दोलनले राष्ट्र निर्माणमा उल्लेख्य योगदान गरेको २ सय ५० वर्षदेखि कायम रहँदै आएको राजसंस्था र हाम्रो मौलिक हिन्दु पहिचानलाई हटायो ।

फेरि आन्दोलनकारीहरुले भनेको, रोजेको, खोजेको जस्तै व्यवस्था मुलकमा आयो । अब त जनहितमा काम होला, जनताको आयस्तर माथि उठला, विकास निर्माणले तिव्रता लेला, केवल बाँच्नको लागि पाखुरामा दम भएका नेपाली युवाहरुले मरुभूमि श्रम बेच्न जानू नपर्ला भन्ने थियो । यस्तो आशा र भरोशामा रहेका नेपालीको मुहारमा कहिले उज्यालो आएन । नयाँ व्यवस्थाले सृजित नयाँ स्थानहरुमा नयाँ-नयाँ पात्रहरूको प्रवेश चैं भयो तर, पात्रहरूले सत्ताको राप र तापमा हिजो साथ लिएका जनता र गरेका प्रतिबद्धता सबै बिर्सियो । मुलुक फेरि पनि विकास र समृद्धिको युगमा प्रवेश गरेन, केवल सत्ता केन्द्रीत दलहरु आफूले सत्ता पाउँदा सबै ठिक नपाउँदा सवै गलत देख्न थाले र केवल तुच्छ स्वार्थ पूरा गर्न पनि पुन आन्दोलनकै साहारा लिन थाले । कहिले सकिएन आन्दोलन । जो सत्तामा रहँदा पनि प्रतिपक्षले प्रतिगमन देख्ने र आन्दोलन गरिहाल्ने श्रृखला रोकिएन आजसम्म त्यहि जारी छ ।

नेपाली राजनीतिको एउटा धारले सधैभरि विनासित्ति पनि आन्दोलन चलाइरहेको छ । कहिले सकिएन आन्दोलन । सधैंभरि सत्तापक्षले विपक्षीलाई प्रतिपक्षीले सत्तापक्षलाई प्रतिगामी देख्ने चस्मा दोषी हो कि ? नेताहरुको नियतमा खोट हो जनताले बुझ्न सकेका छैनन् । अझ यस्ता आन्दोलन कहिलेसम्म भइरहला थाहा छैन । यो कस्तो आन्दोलन रहेछ भने जसले जनताको जनजिविकाको सवाल, विकास र समृद्धि केही चिन्दैन र जान्दैन । आफू हुँदा सबै ठिक र आफू नहुँदा सबै गलत देख्ने आन्दोलन र यसको प्रभाव कति समय मुलुकले व्यहोर्नुपर्ने हो, थाहा छैन । राजनीतिक आस्था अनुकूलका सवै वकिल, पत्रकार, बुद्धिजिवि, नागरिक समाज पनि सबै यो आन्दोलनमा एकएक कित्ता समातेर उभिएका छन् ताकि भोलि आफू समर्थित सत्ता आयो कि तर, मारिहाल्न ।

यो तीस वर्षको अवधिमा आजसम्म एकदिन पनि सत्तापक्ष र प्रतिपक्षबिच आर्थिक क्षेत्रलाई कसरी सुधार्न सकिन्छ भन्ने बहस भएको सुनिएको छैन । विकास निर्माणका साझा अवधारणा आउन सकेन । आर्थिक मुद्दा आजसम्म मुल मुद्दा बन्न सकेन अर्थात् मुलुकलाई कसरी विकासको युगमा प्रवेश गराएन सकिन्छ भन्ने चासो, चिन्ता कतै देखिएन यद्यपी हाम्रो आन्दोलन जारी छ । युद्धमा फसेको मुलुकको भन्दा डरलाग्दो र भयावह अवस्थामा आर्थिक क्षेत्र फसेको छ । त्यहाँबाट कसरी मुलुकलाई पार लाउने भन्ने आन्दोलन कहिले कसले गर्ला र हेर्न पाइएला भन्ने चिन्ता जनताको मनमा छ । विकास निर्माणको निमित्त, जनजिविकाको सवालमा, भ्रष्टाचार नियन्त्रण गर्न, सुशासन कायम गर्न, दबिएको वर्ग र क्षेत्रलाई माथि उठाउन, उद्योगधन्दा, कलकारखाना स्थापना गर्न, विदेशीएका नेपालीलाई स्वदेश फर्काएर रोजगारी दिनको निमित्त हुने आन्दोलन कहिले हेर्न पाइएला ?

जसले नेतृत्व गरेपनि सबै दल सम्मिलित सर्वपक्षीय र सबै सरोकार क्षेत्रलाई समेटेर आन्दोलन भयो भने त्यसले ठोस परिणाम दिने निश्चित छ । त्यसबाट आउने परिणामले मुलुकलाई दस वर्षमा विकासको चरम युगमा पुऱ्याएर आर्थिक रुपमा सबै नेपालीलाई सम्पन्न गराउने निश्चित छ तसर्थ यस्तो आन्दोलन हेर्न र त्यसमा सहभागी हुन मन छ ।

इतिहासले यो युगमा एकजना कुसल राष्ट्रवादी नेता खोजीरहेको छ । मलेसिया एकजनाको इच्छाशक्तिमा बनेको हो । सिंगापुर एकजनाले बनाएका हुन । इच्छाशक्ति भएको एकजना मात्र भए पुग्छ ।

***(लेखक पाठक राप्रपा नेपालका केन्द्रीय कार्यसम्पादन समिति सदस्य हुन् ।)***

# मलेरियाविरुद्धको खोपले पायो स्वीकृति, ऐतिहासिक सफलता

**काठमाडौं/एजेन्सी–** मलेरियाविरुद्धको खोपले स्वीकृति पाएको छ । योसँगै अफ्रिकाको अधिकांश क्षेत्रका बालबालिकाले अब मलेरियाविरुद्धको खोप लगाउन पाउने भएका छन् । खोपले स्वीकृति पाउनुलाई घातक मलेरियाविरुद्धको अभियानका लागि ऐतिहासिक सफलता मानिएको छ । मलेरियाका कारण विशेष गरी बालबालिका तथा शिशुहरुको ज्यान जाने गरेको छ ।



धेरै वर्षाको प्रयासपछि मलेरियाविरुद्धको खोप तयार भएको हो । यो औषधि विज्ञानमा विश्वकै ठूलो उपलब्धिमध्येमा पर्छ । आरटिएस, एस नाम गरेको खोप ६ वर्ष पहिले नै प्रभावकारी प्रमाणित भएको थियो । घाना, केन्या र मालवीमा 'पाइलट' खोप अभियानपछि विश्व स्वास्थ्य संगठनले मलेरियाविरुद्धको खोपलाई स्वीकृति प्रदान गरेको हो । डब्लुएचओले खोप सब-सहारा अफ्रिकी क्षेत्रसँगै मलेरियाको संक्रमणदर उच्चदेखि मध्यम रहेको अरु क्षेत्रमा पनि खोप लगाउन भनेको हो । डब्लुएचओका प्रमुख डा. टेडरोज आध्यनोम गेब्रेयेसोसले मलेरियाविरुद्धको खोप प्रभावकारी भई स्वीकृति हुनु ऐतिहासिक क्षण रहेको बताएका छन् ।

उनले भनेका छन्, 'लामो पर्खाइपछि बालबालिकामा मलेरियाविरुद्धको खोपले स्वीकृति पाउनु विज्ञान, बाल स्वास्थ्य र मलेरिया नियन्त्रणका लागि ब्रेकथ्रु हो । यसले रहेक वर्ष दशौं हजार बालबालिकाको ज्यान जोगाउन सक्नेछ ।'

संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने मलेरियाले रक्तकोषलाई नोक्सानी गरी व्यक्तिको ज्यानै जान सक्छ । खोपले मलेरिया परजीवीलाई मार्ने छ । अहिलेसम्म लामखुट्टेको टोकाइबाट बच्न झुल प्रयोग गर्ने तथा मार्नका लागि विषादी प्रयोग गर्नेसहितका उपाय अपनाइएको छ ।

मलेरियाका कारण सबैभन्दा धेरै अफ्रिकामा मानवीय क्षति हुने गरेको छ । सन् २०१९ मा मलेरियाका कारण अफ्रिकामा दुई लाख ६० हजारभन्दा धेरै बालबालिकाको ज्यान गएको थियो ।

विश्वमा हरेक वर्ष २२ करोड ९० लाख मलेरिया संक्रमित हुने गरेका छन् । त्यसमध्ये ९४ प्रतिशत संक्रमित अफ्रिकाका हुने देखिएको छ ।

# पाकिस्तानमा भूकम्प जाँदा कम्तीमा २० जनाको मृत्यु

**काठमाडौं/एजेन्सी-** पाकिस्तानको दक्षिणी बलोचिस्तान प्रान्तमा बिहीबार बिहानै भूकम्प जाँदा कम्तीमा २० जनाको मृत्यु भएको छ । भूकम्पले भत्काएका घरहरूका भग्नावशेषहरूमा मानिसहरू पुरिएका अनुमानका माझ विपद् व्यवस्थापनसम्बन्धी अधिकारीहरूका अनुसार मृतकको संख्या बढ्न सक्छ । मारिनेमा महिला तथा बालबालिकाहरू पनि रहेका रोएटर्स समाचार एजेन्सीले जनाएको छ ।



अमेरिकाको यूएस जिओलोजिकल सर्भेकाअनुसार भूकम्प ५.९ म्याग्निट्यूडको थियो र यसको गहिराइ ९ किमि मात्र थियो। यतिको कम गहिराइमा जाने भूकम्पले सामान्यतया बढी क्षति पुऱ्याउने गर्छन् । उद्धार कार्य जारी रहेको अधिकारीहरूले बताएका छन् । स्थानीय अधिकारीहरूले बीबीसी उर्दूलाई जनाए अनुसार कम्तिमा १५० जना घाइते भएका थाहा भएको छ । ति मध्ये केहीको गम्भीर अवस्थामा अस्पतालमा उपचार भैरहेको छ ।

भूकम्पपछि क्वेटा शहरका मानिसहरू सडकमा निस्केको सामाजिक सञ्जालमा राखिएका तस्वीरहरूमा देखिन्छ । भूकम्पका कारण संरचनाहरू भत्कँदा च्यापिएर मानिसहरूको ज्यान गएको एक अधिकारीले बताए । विवरणहरूमा जनाइएअनुसार एक सयभन्दा बढी कच्ची घर र केही ठूला भवनहरू भत्किएका छन् । भूकम्पबाट हरनई क्षेत्रमा धेरै क्षति पुगेको हुनसक्ने अधिकारीहरूले बताएका छन् ।

# गर्भपतनसम्बन्धी टेक्सासको कानून कार्यान्वयनमा रोक




**काठमाडौं/एजेन्सी–** अमेरिकाको टेक्सास राज्यमा लागू भएको गर्भपतनसम्बन्धी नयाँ विवादास्पद कानून तत्कालका लागि रोकिएको छ । कानूनको संवैधानिकतालाई लिएर प्रश्न उठिरहेका बेला लागू गर्न नगर्न माग गर्दै राष्ट्रपति जो बाइडेनको प्रशासनले दायर गरेको रिटमा सुनुवाइ गर्दै टेक्सासका एक जिल्ला न्यायाधीशले कानून तत्कालका लागि लागू नगर्न आदेश दिएका हुन् ।

टेक्सासले हालै गर्भपतन अधिकांश रुपमा प्रतिबन्ध गर्ने खालको कानून लागू गरेको थियो । सो कानूनअनुसार कुनै पनि महिलाले गर्भ रहेको ६ हप्ताभन्दा पछि गर्भपतन गराउन पाउने छैनन् । ६ हप्तापछि गर्भपतन गराएमा ती महिला, गर्भपतन सेवा प्रदान गर्ने क्लिनिक तथा चिकित्सकविरुद्ध कुनै पनि व्यक्तिले उजुरी दिनसक्ने व्यवस्था कानूनमा छ ।

टेक्सासको वेस्टर्न डिस्ट्रिक्ट अदालतका न्यायाधीश रोबर्ट पिट्म्यानले गर्भपतनसम्बन्धी नयाँ कानूनको कार्यान्वयन तत्कालका लागि (अस्थायी रुपमा) रोक्न आदेश दिएको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । टेक्सासको राज्य संसदमा रिपब्लिकनको बहुमत छ र उनीहरुले नै कानून ल्याएका हुन् ।

न्यायाधीशको आदेश आएलगत्तै राष्ट्रपति कार्यालय ह्वाइट हाउसले अदालतको निर्णयलाई टेक्सासका महिलाको संवैधानिक अधिकार पुनःस्थापित गर्नेतर्फ महत्वपूर्ण कदम भनेको छ । अस्टिनका न्यायाधीश पिट्म्यानले ११३ पृष्ठ लामो आदेश लेखेका छन् । त्यसमा उनले नयाँ कानून कार्यान्वयनमा आएको सेप्टेम्बर १ देखि संविधानले महिलालाई प्रदान गरेको आफ्नो जीवनको निर्णय वा नियन्त्रण आफैले गर्ने अधिकारबाट महिलाहरुलाई गैरकानूनी रुपमा वञ्चित गरिएको उल्लेख गरेका छन् ।

उनले आदेशमा लेखेका छन्, 'अरु अदालतहरुले यो कानूनलाई वा मेरो निष्कर्षविपरीत निर्णय गर्न सक्छन्, त्यो उनीहरुको कुरा हो । तर यो अदालतले महत्वपूर्ण अधिकार प्रयोग गर्नबाट महिलालाई अपमानजनक रुपमा वञ्चित गर्ने कानून थप एक दिन पनि लागू हुन दिँदैन ।' टेक्सासको नयाँ कानूनमाथि यो पहिलो धक्का हो । टेक्सासका अधिकारीहरुले यसविरुद्ध अपिल गर्न सक्ने अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् ।

# बेलायतमा थपिए ४० हजार संक्रमित

**काठमाडौं/एजेन्सी–** बेलायतमा एकैदिन झन्डै ४० हजार जनामा कोरोना संक्रमण पुष्टि भएको छ । 'डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोशल केयर' ले दिएको जानकारीअनुसार पछिल्लो २४ घन्टामा ३९ हजार ८५१ जना नयाँ संक्रमित थपिएका हुन् । थपिएका नयाँ संक्रमितसँगै बेलायतमा कोरोना संक्रमितको संख्या पनि ८० लाख नाघेको छ ।

बेलायतमा महामारी शुरु भएयता कुल संक्रमितको संख्या ८० लाख ६६० पुगेको सरकारी तथ्यांकमा उल्लेख छ । बेलायतमा पछिल्ला दिनहरुमा दैनिक संक्रमण संख्या लगातार ३० हजार नाघ्ने गरेको छ । यसैगरी पछिल्लो २४ घन्टामा यहाँ थप १४३ जना कोरोना संक्रमितको मृत्यु भएको छ । यससँगै बेलायतमा कोरोनाका मृतक संख्या एक लाख ३७ हजार २९५ पुगेको छ ।

पछिल्लो २४ घन्टामा ६४२ जना संक्रमित अस्पताल भर्ना भएका छन् भने हाल अस्पतालमा उपचार गराइराखेका संक्रमितको संख्या ६ हजार ८३६ रहेको छ । यस्तै ८०० संक्रमितको भेन्टिलेटर बेडमा उपचार भइरहेको छ ।


## कतारमा रोजगारको अवसर | Company: MOHAMED INTERNATIONAL GROUP City : Doha

पूर्व स्वीकृत मिति: २०७७/१२/१७ चलानी नं.: ६०१५६३५५ LT. No.: 238140 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 43 | 20 | स. काममा दक्ष | 1000 | ३२,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २९ गते (15 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Bhandari Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ३४५/०५९/०६०
Shantinagar-31, Fourth Floor, Bhandari Tower, Kathmandu
पो.ब.नं. १९६४१, फोनः ४६२२३१५, ४६२२३४८, मो.: ९८४१४४४५८५, ९८०१०७९४८०
Email: info@bhandarioverseas.com.np, md@bhandarioverseas.com.np | Website: bhandarioverseas.com

## Saudi मा रोजगारको अवसर | कम्पनी : BASMA AL-FANAR CAFE शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४० LT. No.: 247844

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TEA MIXER | 2 | 0 | स. काममा दक्ष | 1400 | ४४,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २९ गते (15 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

## UAE मा रोजगारको अवसर | कम्पनी : FCLAIRVOYANT TECHNICAL SERVICES LLC शहर : UAE

पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४१ L.T. No.: 247849

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | स. काममा दक्ष | 900 | २९,३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ असोज २९ गते (15 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Five Star International Overseas Pvt. Ltd.**
Lic. No.: 205/057/058 GPO Box: 8975, EPC: 1801, Nakhu Dobato, Lalitpur, Tel.: 5542662, Fax: 5544843



## UAE मा रोजगार | कम्पनी: SUPER EXCEL TECHNICAL SERVICES L L C शहर: UAE

पूर्व स्वीकृत मिति: २०७६/११/०५ चलानी नं.: ६०१५१८४२ LT. NO.: 232986 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 87 | 5 | स. काममा दक्ष | 800 | २६,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २९ गते (15 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६
सामाखुसी, रिङ्गरोड, काठमाडौं, नेपाल, फोन: ४३८७९९१, ४३८७९९२, ४३५४१०६, मो. नं. ९८५११६४१५२, ९८५१०९०३६५



## साउदीमा रोजगार

१. कम्पनी: ABDUL KARIM ABDULAZIZ AL-SUDAIS SONS TRANSPORT COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४२ L.T. No.: 247299

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading & Unloading Worker | 4 | 0 | | 1000 | ३१,९१० | | | | | | | |

२. कम्पनी: RIYADH PETROLEUM COMPANY FOR FUEL शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४५ L.T. No.: 247300

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ABERAH TRANSPORT CO. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४३ L.T. No.: 247301

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५७,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: FARAJ AYED AL-QAHTANI AND HIS PARTNER FOR ROAD TRANSPORT शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४४ L.T. No.: 247303

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ५७,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: SAMAA AL RIYADH COMPANY FOR MAINTENANCE AND CLEANING शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४६ L.T. No.: 247298

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 25 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: HERFY FOOD SERVICES COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४७ L.T. No.: 247256

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 38 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Public Driver | 10 | 0 | | 1800 | ५७,४३८ | | | | | | | |

७. कम्पनी: AL MUTAHALFIN CONTRACTING CORPORATION शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४८ L.T. No.: 247304

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Surface Cleaning Labour | 3 | 0 | | 1000 | ३१,९१० | | | | | | | |

८. कम्पनी: SAMAA AL RIYADH COMPANY FOR MAINTENANCE AND CLEANING शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४९ L.T. No.: 247508

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 19 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

९. कम्पनी: AL-ASDA LAUNDRY FOR CLOTHES WASHING शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९५० L.T. No.: 247508

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry & Ironing Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१०. कम्पनी: WAREEF DECORATION WORKSHOP शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९५१ L.T. No.: 247798

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २९ देखि कार्तिक १२ गते (15 TO 29 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gov. Lic No. 1096/073/074
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com



अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकासित मिति : २०७८।०६।२२

देहायको निर्माण कार्यको लागी तपसिल बमोजिमको बोलपत्रपत्रदाताको कबोल अंङ्क सारभूत रुपमा प्रभावग्राही भएकाले बोलपत्र स्वीकृत गर्ने आषयको सुचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि प्रकासन गरिएको छ ।

| सि. नं. | बोलपत्र नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.कर र PS बाहेक ) |
|---|---|---|---|---|
| 1. | AM/DDL/ WORKS/ NCB/020- 2077/78 | Infrastructure Development of Audhyogik Gram , Amargadhi Municipality Ward No.01 | Joshi/Amrit JV, Bedkot 07, Kanchanpur | 2,28,12,081. Two Crore Twenty Eight lakh Twelve Thousand and Eighty One Rupee Only. |

# बक्स अफिस समाचार

## पाँच महिनापछि खुले हल हलिउड फिल्ममात्र प्रदर्शनमा

**लक्ष्मण पोखरेल/मध्यान्ह**
काठमाडौं, २१ असोज



कोरोना भाइरस महामारीका कारण पाँच महिनादेखि बन्द रहेका सिनेमा हल सञ्चालनमा आएका छन् । हल सञ्चालनका लागि काठमाडौं उपत्यकाका जिल्ला प्रशासन कार्यालयले अनुमति दिएको करिब एक महिना भइसके पनि हलहरु खुलेका थिएनन् । मोफसलका विभिन्न जिल्लामा भने जिल्ला प्रशासनको अनुमती पाएसँगै हलहरु सुचारु भएका थिए । तर हल व्यवसायीहरुको संस्था नेपाल चलचित्र संघले पूर्ण क्षमतामा हल सञ्चालनको अनुमति नदिँदासम्म हल नखोल्ने निर्णय गरेको थियो ।

जब बलिउडका ठूला फिल्मले भकाभक प्रदर्शन मिति घोषणा गरे त्यसपछि चलचित्र संघले दशैंलाई लक्षित गरेर असोज २१ गतेदेखि देशभरका हल खोल्ने निर्णय गर्‍यो । चलचित्र संघको निर्णय अनुसार घटस्थापनाको दिनबाट एकाधबाहेक देशभरका सबै सिनेमा हलहरु खुलेका हुन् । देशभर हल खुलेपनि दर्शकको उपस्थिति भने अपेक्षित छैन ।

हल व्यवसायीहरुले नेपाली फिल्म नभएकाले हलिउड फिल्म देखाएर सिनेमा हल सञ्चालनमा ल्याएका छन् । घटस्थापनाबाट हल खोल्ने निर्णय हुँदासमेत कोही पनि नेपाली निर्माताहरु फिल्म प्रदर्शनमा ल्याउन अघि सरेनन् । यसअघिका वर्षहरुमा दर्शक तान्न उपयुक्त समय भन्दै दशैंमा फिल्म रिलिज गर्न निर्माताहरुको तछाडमछाड नै हुन्थ्यो । तर यस वर्ष भने कारोना महामारीको त्रास नहटिसकेका कारण दर्शक नपाउने डरमा कोही पनि निर्माता फिल्म प्रदर्शनमा ल्याउन तम्सिएनन् ।

त्यसो त फिल्म प्रदर्शनका लागि निर्माताहरुलाई आकर्षित गर्न चलचित्र विकास बोर्डले राहत प्याकेजको समेत घोषणा गरेको छ । सिनेमा हल खुलेको तीन महिनाको अवधिभित्र रिलिज हुने नेपाली फिल्मलाई बोर्डले सर्भर इनकोडिङ, पब्लिसिटी, प्रचार सामाग्री छपाई लगायतको शिर्षकमा ७ लाख बराबरको सहयोग गर्दैछ । तर, बोर्डको यो प्याकेजले पनि निर्माताहरुलाई लोभ्याउन भने सकेन । फल स्वरुप पाँच महिनापछि सञ्चालनमा आएको सिनेमा हलमा एक वटा पनि नेपाली फिल्म प्रदर्शनमा आएन ।

बिहीबारबाट देशभरका हलमा अंग्रेजी चलचित्र 'फास्ट एन्ड फ्यूरियस ९' रिलिज गरिएको छ । यो चलचित्रलाई दर्शकले इन्टरनेटमा हेरिसकेकाले पनि हलमा बाक्लो उपस्थिति नभएको हुन सक्ने हल सञ्चालकहरुको अनुमान रहेको छ । देशकै ठूलो मल्टिप्लेक्स क्यूएफएक्सले छाया सेन्टर, सिभिल मल, लबिम मल, भक्तपुर र विराटनगर गरी यो चलचित्रलाई १३ शोज दिएको छ ।

तर असोज २६ गते (फूलपाती) बाट भने नेपाली फिल्म 'डाँडाको बर पीपल' प्रदर्शनमा आउँदैछ । नाम चलेका कलाकारहरुको अभिनय रहेकाले दशैं विदामा यो फिल्मले सिनेमा हलसम्म दर्शक तान्ने अपेक्षा गरिएको छ । शोभित बस्नेत निर्देशित यस फिल्ममा शिव श्रेष्ठ, भुवन केसी, गौरी मल्ल, सलोन बस्नेत, रुविना थापा लगायतका कलाकारको अभिनय छ ।

## पुष्पसँग रोमान्टिक अञ्जली

काठमाडौं/मस- गायक शिव परियारले 'पिउँदिन भन्दा भन्दै पिलायो साथीले' बोल रहेको गीतको चर्चापछि त्यसैको दोस्रो पाटको रुपमा 'पिउन सुरु गरेपछि होस पनि त कहाँ हुन्छ' भन्ने गीत बनाएका छन् । जसको भिडियो हालै छायांकन गरिएको छ ।

कविराज गहतराजको निर्देशन रहेको भिडियोमा अभिनेता पुष्प खड्काले टिकटक स्टार्स अञ्जली लुईंटेल र आलिया अधिकारीले अभिनय गरेका छन् । क्लब प्ल्याटिनममा हालै छायाँकन भएको भिडियोमा अञ्जली र आलियाको बोल्ड लुक्स देख्न सकिन्छ । अञ्जली र आलियाको डेब्यु भिडियो हो । पहिलो भिडियोमा नै उनीहरु बोल्ड लुक्समा प्रस्तुत भएका छन् ।



## 'तिमी बिना मुटु दुख्छ' सार्वजनिक

काठमाडौं/मस- राम्रो इन्टरटेनमेन्टको ब्यानरमा निर्माण गरिएको आधुनिक गीत 'तिमी बिना मुटु दुख्छ' बोलको म्युजिक भिडियो सार्वजनिक गरिएको छ ।

काठमाडौं नक्सालस्थित लिसरा रिसेप्सनमा आयोजित एक कार्यक्रमकाबीच उक्त गीतको भिडियो सार्वजनिक गरिएको हो ।

गीतलाई संचारकर्मी तथा निर्देशक रामजी ज्ञवालीले निर्देशन गरेका छन् भने राजेश कुमार शाहले निर्माण गरेका हुन् । निर्देशक ज्ञवालीले यसअघि एक दर्जनको हाराहारी सर्टफिल्म तथा केही म्युजिक भिडियो निर्देशन गरिसकेका छन् ।

सार्वजनिक उक्त गीतको भिडियो निकै सरल तर कथावस्तु हेर्नलायक छ । सडकमा मजदुरी गर्ने एक जोडीको प्रेमलाई सामान्य रुपमा भिडियोमा देखाउने प्रयास गरिएको छ ।

रचना रिमाल र शंकरलाल श्रेष्ठको स्वर रहेको गीतलाई युरेश सिग्देलले लेखेका हुन् ।

भिडियोमा चर्चित मोडल स्मृती श्रेष्ठ र युरेश सिग्देलको अभिनय रहेको छ । ईश्वर सिकमनाले खिचेको भिडियोलाई चर्चित फिल्म सम्पादक मित्र डि गुरुङले सम्पादन गरेका हुन् ।

## सुशीललाई उत्कृष्ट अभिनेताको अवार्ड



**काठमाडौं/मस-** नेपाली कलाकारिताको क्षेत्रमा निरन्तर समर्पित चर्चित कलाकार सुशील श्रेष्ठले २०७८ सालकै उत्कृष्ट अभिनेता अवार्ड चुम्न सफल भएका छन् । २०७८ असोज १३ गते काठमाडौंको जमलस्थित नाचघरमा आयोजित क्वालिटी इन्टरटेनमेन्ट अवार्डमा २०७६ सालमा रिलिज भएको सुपरहिट चलचित्र 'लभ डायरीज'बाट श्रेष्ठले उक्त अवार्ड हात पार्न सफल भएका हुन् । क्वालिटी फिल्मस् प्रालिको आयोजनामा भएको उक्त अवार्डमा फिल्म, म्युजिक, फेशनका विभिन्न विद्यामा अवार्ड वितरण गरिएको थियो ।

सुशील श्रेष्ठ पछिल्लो पुस्ताका अधिक रुचाइएका अभिनेता हुन् । उनका सबैजसो चलचित्र सफल छन् । त्यसैले पनि उनी नेपालका महँगा नायकको रुपमा बजारमा चिनिन्छन् । डेब्यु फिल्म 'होस्टेल रिटर्न्स'बाट नै चलचित्र नगरीमा जमेका सुशीलले त्यसयता पछाडि फर्कनु परेको छैन ।

सुशीलले कामप्रतिको इमान्दारिता तथा उत्कृष्ट कार्य सम्पादनका कारण यसअघि पनि विभिन्न अवार्डहरु प्राप्त गरेका छन् । उनी पूर्व उपराष्ट्रपति परमानन्द झाबाट पनि सम्मानित भइसकेका छन् । अभिनयमा राम्रो भएकै कारण सुशील निर्माता-निर्देशकको रोजाई बनिरहेका छन् । प्रायः उनी च्यालेन्जिङ क्यारेक्टरको भूमिकामा अभिनय गर्न रुचाउँछन् । एक्सन फिल्ममा अलि बढी उनको रुची भएपनि कलाकारको हिसावले सबैखाले भूमिकामा काम गर्ने उनी बताउँछन् ।

फिल्महरुमा नयाँपन दिन उनी हरसम्भव प्रयत्न गर्छन् । उनको हातमा फिल्मको अभाव छैन । उनको काम, नयाँ प्रयोग तथा नौलो परिकल्पनाले नै उनलाई फिल्म क्षेत्रमा स्थापित गराएको छ । अभिनेता सुशीलले 'होस्टेल रिटर्न्स', 'कारखाना', 'सायद २', ' लभ डायरीज' लगायत फिल्ममा अभिनय गरिसकेका छन् ।

## मिलाप मासिकको सम्मान समारोह सम्पन्न



**काठमाडौं/मस-** कोभिड १९ का कारण गत वर्ष मिलाप मासिकको सम्मान कार्यक्रम हुन सकेको थिएन । बुधबार राजधानीमा मिलाप मासिकको आयोजनामा बडादशैं शुभकामना आदानप्रदान तथा मिलाप सम्मान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा मिलाप मासिकको कभर पृष्ठमा प्रकाशित भएका व्यक्तित्वहरूलाई 'मिलाप कभर सम्मान' प्रदान गरिएको थियो भने भाषा, साहित्य, कला, संस्कृति र सञ्चारमार्फत समाजमा विशेष योगदान पुर्‍याएकाहरुलाई 'मिलाप सम्मान' प्रदान गरिएको थियो ।

मिलाप मासिकका सम्पादक कृष्ण भुसालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हिमालय टाइम्स दैनिकका सम्पादक पुरुषोत्तम दाहाल, राजनीतिक विशलेषक प्राडा सुरेन्द्र केसी, नेपाली चलचित्रकी प्रथम नायिका भूवन चन्द, रङ्गीन चलचित्रकी पहिलो नायिका चैत्यदेवी, विश्वकीर्तिमानी गीतकार डा. डीआर उपाध्याय, विशिष्ट कलाकार लय संग्रौला, नेपाल चलचित्र कलाकार संघका उपाध्यक्ष मोहन निरौलालगायतको आतिथ्यता रहेको थियो । मिलापकी कार्यकारी सम्पादक तथा मिलाप फाउण्डेशनकी अध्यक्ष गीता अधिकारीको संयोजनमा सम्पन्न कार्यक्रमको संचालन सञ्चारकर्मी दीपज्योति थापाले गरेकी थिइन् ।

## रंग पत्रकार कुबेर र लक्ष्मण सम्मानित



**काठमाडौं/मस-** सक्रिय रंग पत्रकारद्वय कुबेर गिरी र लक्ष्मण सुवेदी 'पत्रकारिता सम्मान–२०२० ' बाट सम्मानित भएका छन् । 'नेपालको शान, संगीतको पहिचान भन्ने मूल नारा'का साथ चन्द्रागिरी हिल्स रिसोर्टमा आयोजित नेपाल 'बेष्ट म्युजिक अवार्ड–२०२१' अवार्डमा गिरी र सुवेदी नगदसहित सम्मानित भएका हुन् । कार्यक्रममा पत्रकार गिरीलाई नेपाल बेष्ट म्युजिक अवार्ड 'पत्रकारिता सम्मान–२०२० ' अनलाइन र सुवेदीले नेपाल बेष्ट म्युजिक अवार्ड 'पत्रकारिता सम्मान–२०२०' छापा तर्फको पुरस्कार प्राप्त गरिएको हो । कार्यक्रममा सम्मानित सबै पत्रकारलाई चलचित्र विकास बोर्ड अध्यक्ष दयाराम दाहाल, चन्द्रागिरी नगरपालिकाका मेयर घनश्याम गिरि, उद्योग बाणिज्य संघका उपाध्यक्ष चन्द्र ढकाल, कलाकार निर्देशक कृष्ण मल्ल, कलाकार संघका अध्यक्ष रबिन्द्र खड्का, पुर्व बोर्ड अध्यक्ष राज कुमार राई, निर्देशक मिलन चाम्स लगायतले खादा, दोसल्ला तथा सम्मान पत्र प्रदान गरेका थिए ।


अनुसूची–१५
(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/०६/२२ गते**

श्री कालिका देवस्थान सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-१०, सुर्खेतको सामुदायिक वनबाट २०७७/०७८ मा उत्पादन भई समूहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको ए ग्रेडको साल जातको गोलिया थान २ को ६३.९९ क्यु.फि. काठ, बी ग्रेटको साल जातको गोलिया थान ४७ को ४०७.६ क्यु.फि, सी ग्रेडको साल जातको गोलिया थान २४ को ६३.८९ क्यू.फि. गरी कुल गोलिया ७३ थानको ५३५.४६ क्यु.फि., ए ग्रेटको असना जातको गोलिया थान ७ को १४७ क्यू.फि., बी ग्रेडको असना जातको थान ८ को ८८.८९ क्यू.फि., बि ग्रेटको जामुन जातको गोलिया थान ५ को ४८.१६ क्यू.फि., ए ग्रेडको कर्मा जातको गोलिया थान २ को ३३.३ क्यू.फि., बी ग्रेडको कर्मा जातको गोलिया ८ थानको ७७.६१ क्यु.फि., खयर थान ५४ को ८२.६८ क्यू.फि.जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस श्री कालिका देवस्थान सामुदायिक वन उपभोक्ता समूहको कार्यालय चौकुने गा.पा.-१०, सुर्खेत र डि.व.का. भेरी, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री कालिका देवस्थान सामुदायिक वन उपभोक्ता समूह**
**चौकुने गा.पा.-१०, सुर्खेत**



**UAE मा रोजगारको अवसर**

१. कम्पनीः IMDAAD L.L.C. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०६/०६ | चलानी नं.: ६०१६३५३७ | L.T. No.: 246375

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/janitress | 0 | 50 | सम्बन्धित काममा दक्ष | 900 | २९,३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
